# प्राचीन नेपाल

# ANCIENT NEPAL

संख्या १६१ | Number 161
जेष्ठ २०६३ | June 2006

सम्पादक मण्डल
प्रधान सम्पादक
कोशप्रसाद आचार्य
सम्पादक
शुक्रसागर श्रेष्ठ
विष्णुराज कार्की

Editorial Board
Chief Editor
Kosh Prasad Acharya
Editor
Sukra Sagar Shrestha
Bishnu Raj Karki

# विषय-सूची
# Contents

## अंग्रेजी खण्ड
## English Section

**Nepali Society and Culture through the ages**
Dr. Hari Shrestha ........................................................... 1-5

## नेपाली खण्ड
## Nepali Section

ल्हासा अदालतका डिट्ठा महानन्द भट्टराई सम्बन्धी केही लालमोहरहरू
*राधेश्याम भट्टराई* ........................................................... ६-१२

रामधुनि र वनखण्डीबाबा
*डा. सोमप्रसाद खतिवडा* ........................................................... १३-१७

श्री ५ पृथ्वीनारायण शाहदेखि श्री ५ गीर्वाणयुद्ध विक्रम शाहका पालासम्मका भारदारी सभा (मन्त्रीपरिषद्) हरू
*चन्द्रप्रसाद त्रिपाठी* ........................................................... १८-२६

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धको ऐतिहासिक सामग्री ........................ २७-५८

# Nepali Society and Culture Through the Ages

**Dr. Hari Shrestha**

The country of Nepal is along the Himalayas, it lies at the interface between the two great centers of human civilizations, India to the south and Tibet and China to the north. Though the size of the country is small, its ethnic variety is surprisingly great. Three racial groups, the Aryans, the Mongoloids and the pre-Aryan indigenous people constitute the Nepali population of today. There is no doubt that the first man in this land had stepped up towards the evolution of the society from the very dawn of civilization. The fossils of prehistoric Hominoid-*Ramapithecus* of eleven million years old was found at the foot of *Siwalik* range few years back.[1] There existed prehistoric people who had fashioned a variety of different stone tools and penetrated into the Himalayan valleys via the heavily forested *Siwalik* mountains of Nepal.[2] With favorable ecology of dense forest, rock shelter and lime stone caves around the country presuppose the presence of prehistoric man and the culture in the region. Among the early tribes, the *Naag*, a serpent worshipping totemic tribe was very strong and powerful who brought far reaching impact on Nepali society and culture. Looking towards the religious affinity of the Nepali people, the serpent deity is very much popular among all ethnic groups, which may have passed down into the Nepali pantheon through this very prehistoric *Naag* tribe.[3] The early people fostered the animistic worship of various spirits associated with rivers, plants, lakes, stone and mountains as an aboriginal culture of Nepal.

Migration, struggles, subjugation and settlements of alien tribes from different directions characterize early social history of Nepal. In those days, the migration of people from one part of the world to other part was simple and natural. Any people, group or individual if they felt better prospects for their livelihood would migrate from their old settlements to new ones.[4] Incidental migration was also common when some incidents either political or natural, which took place in the neighboring country led a large numbers of migrants to Nepal.

In the beginning, there were primitive people of indigenous origin scattered in different parts of the country with hunting-gathering mode of production and primary stage of cultural development. The presence of nomadic people like *Kusundas*, *Chepangs* and the *Rautes* in different isolated pockets of the country indicates the existence of prehistoric men and culture in Nepal. The *Banmanchhes*, the *Kusundas* and the *Rautes* were among the early inhabitants of Nepal who lived in the caves, forests and thickets of *Mahabharat* range. Some of the early migrants to Nepal mixed with that older indigenous population.[5]

---

1 J.L. Sharma, "Nepalma Manavjatiko Purkha" *Ancient Nepal*, (1980-81) 1-5.

2 G. Corvinus, "Prehistoric Discoveries in the Foothills of the Himalayas in Nepal" *Ancient Nepal* (1985) 7-11.

3 Nirish Nepal, "A Peep into our Past" *Rolamba*, (1982) 29.

4 K.B. Thapa, *Social, Economic and Administrative History of Modern Nepal*, (Kathmandu: Mrs. Ambika Thapa, 1988) 2.

5 B. Pignede, *Les Gurung Une Population Himalayanne: du Nepal*, First Edition (Paris: Moutan, 1966) 35.

In some cases, the primitive population either enslaved by the powerful migrants or thrown back to the denser jungles. Small section of such people are still found in different isolated pockets of the country with their primitive lifestyle characterized by animistic worship, simple social organization that exhibit the presence of pre and protohistoric men and culture in Nepal. The primitive types of tradition and costumes followed by different ethnic groups till present can also be the tools to verify the existence of prehistoric culture in the region. Some ethnic communities like *Rai, Limbu, Magar. Tamang, Gurung, Newar* etc. still possess the strong sense of ethnic solidarity and the matriarchal characteristics in terms of marriage, family organization and in many rites and rituals, which are considered to be the remnants of prehistoric or pre-agriculture socio-cultural features.

The well-defined tribal boundaries, as stated earlier, exhibit the role of different tribes for the socio-cultural formation in Nepal. Traditionally, the regions of Nepal were identified by the names of its major ethnic communities. The area west of *Kali Gandaki* to the *Karnali* was calld *Magarant* (region of the *Magars*) and the region along the *Karnali* and beyond was called *Khasan* (land of *Khasa*). The area west of *Trishul Gandaki* river and all the way to *Kali Gandaki* was under *Gandaki Pradesh*, which was associated with the people of *Gurung* community showing their presence in the region from the ancient times. The eastern hills beyond *Sunkoshi* were called the *Kirant Pradesh* (*Kirant* region). Due to the inhospitable climatic condition, the northern and southern zones could hardly provide any incentive for human habitation and growth for a long time. The mid zone, the *pahad* (the hill), with its temperate climate and fertile valleys, became the center of attraction for various wandering tribes who were in search of greener pastures.[6]

In the mid zones, the region north of *Mahabharat* mountains and in between *Koshi* and *Trishuli Gandaki* river was called *Sesanta pradesh* (region of *Sesanta*), which possessed widespread network of rivers, big valleys and most fertile land tracts. As a central seat of power and prestige with trade routes to Tibet and a center of advanced art and culture, Kathmandu Valley had become the nerve center of Nepal for centuries. From the very earliest time, the *Newar* people of Mongoloid physiognomy seem to have occupied this most fertile valley and belonged to a single homogenous stock. Being the earliest settlers of Kathmandu Valley, the *Newar* people with their vigor and vitality fostered a rich urban based culture, which later emerged as one of the major streams for the evolution of unified Nepali culture.[7] It was because of the Newars that Nepal had developed the indigenous model of urban culture and civilization with highly advanced technology of building temples, palaces, *viharas*, technique of bronze work, stone sculpture etc. Other tribes that crossed the southern Himalayas from Tibet were the *Tamangs* and *Murmis* who also spread in the vicinity of Nepal Valley along with *Gurung* settlements in the west.[8]

The Mongoloid *Kirants*, another influential tribe in Nepal, spread themselves over the high plateaus of the Himalayas when they were pushed back by the Aryan influx from their homeland in between 1000 BC to 700 BC.[9] From the very earliest time, the *Kirants* have been regarded as the inhabitants of the Himalayas who later on ruled over Nepal Valley for a period of more than 1000 years.[10] With the emergence of Indo-Aryan *Lichhavis*, one of the prominent immigrants from the Indian plains, the *Kiranti* rule ended and they were forced out toward the east, which later on was familiarized with the name of *Kirant pradesh* (the *Kirant* region). The *Kirants* were the non-caste *Saivite* who practiced the tradition of animistic worship. Buddhism, another non-caste ideology, is believed to have stepped up in the valley during the *Kiranti* period. So, the early social structure of Nepal seems to be simple and non-caste in its original form.

As stated before, a group of Aryan people is believed to have migrated into Nepal Valley in the earliest time and in due course they came to be known as the *Lichhavis*, who for the first time introduced divine nature of kingship around the beginning of the Christian Era. Not only the *Lichhavis*, but also the *Shakays*, the *Kolis*, the *Vrijis*, the *Mallas* and the

[6] R.S. Chauhan, *Society and State Building in Nepal*, (Kathmandu: Ratna Pustak Bhandar, 1989) 4.
[7] P.R. Sharma, "Nepali Culture and Society; Reflection on Some Historical Currents" *Nepal Perspective on Continuity and Change* (Kathmandu: CNAS, TU, 1989) 153.
[8] Chauhan, *op.cit.*, 4.
[9] B.R. Acharya, *Nepalko Samskritik Parampara*, (Kathmandu: Shreekrishna Acharya, VS 2054) 9.
[10] D.R. Regmi, *Ancient Nepal*, (Calcutta: Firma K.L. Mukhopadhaya, 1969) 22.

*Varmans* were living in Nepal for thousands of years. From the time of the *Lichhavis*, Hinduism became the guiding force of ruling elite and they created complex caste hierarchy in order to maintain and preserve the Aryan heritage.[11] The migration of Indo-Aryan people increased in unprecedented scale twelfth century onwards when the Muslims ruthlessly invaded their homelands in the Gangetic plains. With the large influx of yet another groups of Indo-Aryan migrants, the Nepali social and cultural scenario did undergo a sea change in the medieval period. Hinduization in the hills gained momentum after the Muslim onslaught in the Indian plains.[12]

In the western hills, the *Khasas*, another Indo-Aryan immigrant group arrived around the beginning of the first millenium BC.[13] This warrior group confronting with the *Magars* occupied almost all the western hills in the *Karnali* river basin. *Khasa* dominance was to continue in the western region throughout the historical period and the region to which they belonged came to be known as *'Khasan Pradesh'* (land of the *Khasas*). Manusmriti (X: 43-44) treated and described the *Khasa* in exactly the same way as other Kirant groups and said to have been of lower status by not observing the rules prescribed by Brahmans. It was only after the presence of the Brahmans in the western hills, the non-caste *Khasas* were converted into *Thakuris* and *Chhetris* who later became the significant social and political forces in Nepali history.[14] *Brahmans* and *Chhetris* and members of local *Khasa* community who had succeeded in elevating their caste and social status occupied social and political leadership.[15] During medieval period, every ruling prince of whatever ethnic background took the titles of *Thakuri* by the *Brahmans*.[16] It is believed that those *Khasas* who could not commission the *Brahman* priest for assuming the title of *Chhetri* remained as *Matawali Chhetris* (*Chhetris* with the practice of alcohol drinking), while the *Khasa* vanished from the ethnographic map of Nepal in the later stage.[17]

Other historic tribes, the *Magars* and the *Gurungs*, were also migrated to the western hills crossing the southern slopes of the Himalayas in the ancient period. The early migrants of *Magar* tribe seem to have occupied the western hills of *Karnali* river basin but they were thrown out from there to the east of *Kaligandaki* by the *Khasas*.[18] During the medieval period, the *Magars* prospered so much that they formed a league of twelve *khans* (kings) and established a state called *'barah magarant'*.[19] The Gurung, another powerful group of Mongoloid origin, also occupied some territories west of *Trishul Gandaki* to *Kaligandaki*, which was traditionally known as *'Gandaki Pradesh'*. The *Gurung* founded their principalities in the eastern part of western Nepal during the ancient period itself. It was an ethnic statehood under the leadership of *Nuchni Rong*, the *Gurung* overlord of *Kaski*.[20] Once, there was an alliance created among the *Magars* and the *Gurungs* to avoid further forays of the *Khasas* into the *Magar* settlements.[21]

Before the penetration of Hinduism in the western hills, the *Magars* and *Gurungs* followed their own social and cultural tradition and customs largely influenced by the Bon-po philosophy of life associated with the supernatural world. After the Muslim onslaught in the Indian plains, the Indo-Aryan migrants in the western hills came into contact with the *Magar* and the *Gurung* overlords in the region. The *Gurungs* much less influenced by the Brahmans largely retained their racial and cultural identity. But the *Magars* could not remain isolated from the influence of Hinduism as a result of their frequent association with the *Brahmans* and *Khasas*. Some high ranking members of ethnic minorities, particularly *Magars*, were converted into the *Chhetri* caste and began to call themselves descendents of the *Rajput* king of India.[22] Once connected with the *Rajputs* in India they would be viewed as having been created for the purpose of ruling by the God Himself.[23] In a tribal land,

[11] P.K.Kahatry, *Some Aspects of Nepali Culture*, (Kathmandu: Mrs. Punya Khatry, 1989) 10.
[12] Harka Gurung, *Nepal Social Demography and Expression*, (Kathmandu: New Era, 1998) 188.
[13] D.B. Bista, *Fatalism and Development;Nepal's Struggle for Modernization*, (Calcutta: Orient Longman Ltd. 1994) 47.
[14] M.C. Regmi, *Landownership in Nepal*, (California: University of California, 1076) 6-7.
[15] Bista, *op.cit.*, 46
[16] J.L. Sharma, *Hamro Samaj Ek Adhayan*, (Kathmandu: Sajha Prakashan, VS 2039) 83.
[17] P.R. Sharma, "The Matawali Chhetries of Western Nepal" *Himalayan Review* 4 (1971) 45-46.
[18] Chauhan, *op.cit.*, 12
[19] I.S. Chemjong, *History and Culture of Kirat People*, (Kathmandu: Puspa Ratna Sagar, 1967) 70.
[20] Chemjong, *op.cit.*, 58.
[21] Chauhan, *op.cit.*, 12.
[22] Chemjong, *op.cit.*, 80.
[23] Bista, *op.cit.*, 48.

where the orthodox Hinduism did not work, the *Brahmans* invented a new idea of converting the ethnic overlords into high caste Hindu as they were the ruling power in the region, who could provide socio-economic security and ritual superiority for the *Brahmans*. The link between the *Magars* and the Shah dynasty was particularly strong. Prominent *Magars* could be granted the right to wear sacred thread as *Chhetris* as the same way as the *Khasas*.[24] In this way, the hierarchic caste culture moved along the hills eastward with the *Khasas* and *Magars*. But many tribal communities living in the isolated pockets remained relatively independent with their own culture and tradition.

Hinduism and Buddhism, as the base of Nepali culture, had undergone a process of change and adaptation with the tribal *shamanistic* tradition before their final assimilation in Nepal in accordance with the taste and genius of the native population.[25] But in many cases, Hinduism as religious ideology of ruling class elite imposed its framework on various ethnic groups against their taste and interest. However, being closely associated with the ethnic people, both Hindus and Buddhists made themselves flexible and maintained plasticity with the need of time and situation. More interesting is the fact that the people living closely together in the fertile valley of Kathmandu easily merged with one another into the making of the single community called '*Nepala*', which subsequently came to be famous as the *Newars*.[26]

The socio-cultural process undergone in different historical epochs resulted in the evolution of multi-ethnic and multi-cultural society in Nepal. Judging from the above historical trends and dimensions, the three main socio-cultural streams consisted of the *Newar* based in the Kathmandu Valley, the *parbate* or *pahadi* (hill people) of the more rugged hills and the ethnic people of different isolated pockets, who seem to have contributed for the evolution of society and culture in Nepal. The presence of different racial elements points towards a pluralistic culture with influences coming from far and wide producing its own habit and social rules throughout the centuries by means of slow, unceasing process of selection and growth of complexity.

The growth process of Nepali society and culture has undergone various changes with strong emphasis on continuity. Culture itself is a process through which people with different social and cultural backgrounds modify themselves to suit the need of new situation. All cultures change through time as a result of the transmission, among those who carry them, and through the association and interaction among the people of different social backgrounds. The process of adjusting or adapting results in "continuity as well as change" i.e. while some norms and values continue to persist, new ones replace others. In a country like Nepal, where there are people belonging to different caste and communities, the exchange of ideas and cultures becomes more congenial. Even though the process of assimilation and acculturation may be observed in Nepali context, this does not necessarily lead to the creation of fully homogenous social and cultural setting. Despite involving in the process of adaptation, integration and acculturation, all caste and communities are found tending to form group itself showing as a separate system. As a matter of fact, different cultural groups with their long-standing tradition did not disappear but reappear in a modified form in the context of Nepal. With the emergence of democracy and democratic institution the ethnic awareness has been increased which undermined the social basis of ranked caste system. The trend of forming and strengthening the association clustering of each culture group seems to have gained momentum for the last few years. In this context neither the assimilation process is moving ahead with speed nor does it show any symptoms otherwise. But it is not a surprising fact that every community and culture finds security in conforming to the standard of its value system and the value system seems to change more slowly than other aspects of culture. Assimilation as a striking feature in a multi-ethnic society of Nepal seems to have creating and promoting a "melting pot" situation without losing a specific cultural character of the particular group.

Plurality in the spirit with inter-cultural exchanges and peaceful inter culture/group relation will definitely generate and sustain positive processes to preserve the cultural inheritance in its multiple forms and manifestations. The only pre-requisite for this to happen is to create the atmosphere of providing equal respect and dignity for each culture group in the context of Nepal.

[24] W. Kirkpatrick, *An Account of the Kingdom of Nepal*, (New Delhi: Asian Publication Services, 1975) 123.
[25] Sharma, *op.cit.*, 149.
[26] Bista, *op.cit.*, 174.

**References:**


Acharya, Babu Ram. *Nepalko Sanskritik Parampara*. Kathmandu: Shree Krishna Acharya, V.S. 2054.

Bista, D.B. "The Structure of Nepali Society." *Nepal Perspective on Continuity and Change*. Kathmandu: CNAS, T.U. 1989.

— *Fatalism and Development: Nepal's Struggle for Modernization*. Calcutta: Orient Longman Ltd. 1994.

Chauhan, R.S. *Society and State Building in Nepal*. Kathmandu: Ratna Pustak Bhandar, 1989.

Chemjong, I.S. *History and Culture of Kirat People*. Kathmandu: Puspa Ratna Sagar, 1967.

Corvinus, Gudrun. "Prehistoric Discoveries in the Foothills of the Himalayas in Nepal" *Ancient Nepal*. 86-88 (1985).

Gurung, Harka. *Nepal Social Demography and Expression*. Kathmandu: New Era, 1998.

Khatry, P.K. Some Aspects of Nepali Culture. Kathmandu: Mrs. Punya Khatry, 1989.

Kirkpatrick, W. *An Acoount of the Kingdom of Nepal*. New Delhi: Asian Publication Services, 1975.

Nepal, Nirish. "A Peep into our Past" *Rolamba*. Kathmandu: (1982).

Pandey, R.N. "Some Aspects of History and Culture of Western Nepal" Ph.D. diss. T.U. 1983.

Pignede, B. *The Gurungs*. Kathmandu: Ratna Pustak Bhandar, 1993.

Regmi, D.R. *Ancient Nepal*. Cacutta: Firma K.L. Mukhopadhaya, 1969.

Regmi, M.C. *Landownreship in Nepal*. California: University of California, 1976.

Sharma, J.L. "Nepalma Manavjatiko Purkha" *Ancient Nepal*, 61-64 (1980-81).

— *Hamro Samaj Ek Adhayan*. Kathmandu: Sajha Prakashan, V.S. 2039.

Sharma, P.R. "The Matawali Chhetries of Western Nepal" *Himalayan Review* 4 (1971).

— "Nepali Culture and Society Reflections on Some Historical Currents" *Nepal Perspectives on Continuity and Change*. CNAS, T.U. 1989.

Thapa, K.B. *Social, Economic and Administrative History of Modern Nepal*. Kathmandu: Mrs. Ambika Thapa, 1988.

# ल्हासा अदालतका डिट्ठा महानन्द भट्टराई सम्बन्धी केही लालमोहरहरू

राधेश्याम भट्टराई

श्री ५ पृथ्वीवीर विक्रम शाहदेवबाट डिट्ठा महानन्द उपाध्याय भट्टराईलाई प्रदान गरिबक्सेका वि.सं. १९६२ का दुई लालमोहरहरू यहाँ प्रस्तुत गरिन्छ :-

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नरनारयणेत्यादि विविध विरुदावली विराजमान मानोनत श्रीमन्माहाराजधिराज श्री श्री श्री महाराज पृथ्वीवीर विक्रम जङ्ग बहादुर साहववहादुर सम्सेर जङ्ग देवाना सदा समरविजयिनाम्

आगे डीट्ठा महानन्द पाध्याके साल तमाम् हसवल असुली ल्हासा अदालतको सावीक् सम्वत् १९५८ साल माघ बढी ९ रोजदेवी चैत्र सुदि १५ रोज तक मैन्हा २।२२ का ज्यापर्चबाट जीम्मावारी आयाको जीन्सी र हाल अैन सवाल सनद् वमोजीम् छीनेका झगडाको पटक् बमोजीम डंड जरिवाना दसौद विसौद बक्स्यौनी सलामी वीगो लिलाम विक्री भै आयाको बादी प्रत्येवादीको र वादीको नकलको दस्तुर असुल भै आयाको कैदी वापतीलाई थोकनालाई नेल वनाउँना के र सिधा षर्च के ल्हासा वकील अडा मार्फत जीम्मावारी लेषी आयाको नगदी र नेल वजी तयार भै आयाको समेत नगदी जीन्सीको आम्दानीमा दिनेको सही छाप षर्चमा लिन्येको सहिछाप बाकीमा तहविल जिम्मा लिन्येको सहिछाप पऱ्याका वहि बुझने ८ नम्वरका अैन बमोजीमको टीपनस्यहा बमोजीम् ईस्वक सम्वत् १९५९ साल वैसाष वदी १ रोजदेषि ६० साल वैसाष यदी १ रोज तक् वर्ष १ ॥ १ को अमानत तहसल तहविल कामकाज गरेको तहरिर मुषिया धनपती जैसी कच्चा वाहेक तपसील बमोजीम्का उना षंर्च गरी बाकी नगदी दाम् दाम जीन्सी थान गती समेत बुझी लिन्यूँ फारषती गरिवक्स्यौं

**तपसील**

**आम्दानी**

| | |
|---|---|
| नगदी कालामोहर थान | २३२१ |
| सावीक् | |
| हालको कालामोहर थान् | २३२१ |
| अदालती रकमको | २२५७ |
| डंड | १०१९ |
| जरिवाना | १६३ |
| दसौद | २४० |
| वीसौद | ८० |
| वक्स्यौनी | ६५ |
| सलामी | ८ |
| वीगो | १५० |
| लीलाम् वीक्री | ४९३ |
| वादीको दस्तुर | ३२ |
| प्रत्येवादिको दस्तुर | ४ |
| वादीको नकलको दस्तुर | १ |

ज्यानमारा मुद्दामा पक्रीयाका जवान् ४ लाई ठोकनालाई जेल वनाउँना र सीधा खर्चके समेत षेस अदालतका आम्दानीले नपुग्दा वकील अडाका कपतान् जीत वहादुर षत्रीछेत्रका ५९ सालका ज्या पर्चबाट जीम्मावारी लेषी आयाको

| | |
|---|---|
| कालामोहर थान् | ६४ |
| नेल वनाउँना के | ३४ |

| | |
|---|---|
| फलाम्को गोटा गयाको | २२ |
| गोलर फलाम् चुट्ने के ज्याला समेत गयाको | १२ |
| सीधा पर्चके | ३० |
| कालामोहर थान् | २३२१ |
| जीन्सी फलामे थान् | ९ |

सावीक्काला डिट्ठा महानन्द पाध्याका सम्वत् १९५८ साल माघ बदी ९ रोजदेषी चैत्र सुदि १५ रोजतक् मैन्हा २।२२ का ज्या पर्चबाट जीम्मावारी लेषी आयाको नेल जोर ४

हाल कालामोहर थान् ३४ षर्च गरी वनी तयार भै

| | |
|---|---|
| आयाको जोर | ५ |
| नेल जोर | ३ |
| गलफंडी जोर | १ |
| हतकडी जोर | १ |
| नेल जोर | ७ |
| हतकडी जोर | १ |
| गलफंडी जोर | १ |
| | ९ |

## वेर्जी

| | |
|---|---|
| कालामोहर थान् | २३२१ |
| जीन्सी फलामे थान् | ९ |
| नेल जोर | ७ |
| गलफंडी जोर | १ |
| हतकडी जोर | १ |

## मीन्हा

| | |
|---|---|
| नगदी ज्या कालामोहर थान | २४७ |

कैदी थुनुवाहरुलाई सीधा षर्च दीना के १९३९ साल मीती वैसाषा वदी ६ रोज १ का सनद वमोजीम जना ५ के सीधा पर्च गयाको दर रोजको जनही मासा १॥ ले कालामोहर थान २१३

| | |
|---|---|
| लोप्सी ... पचडा के मैन्हा ६ के दीन १८० के | ४५ |
| वाज्यू जना १ के मैन्हा ६ के दीन १८० के | ४५ |
| थुने नोर्सु जना १ के मैन्हा ६ के दीन १८० के | ४५ |
| वावु षचडा १ के मैन्हा ६ के दीन १८० के | ४५ |
| सेदु षचडा १ के के दीन १३३ के | ३३ |

सोनेल गलफंडी हतकडी जोर ५ वनार्उनालाई फलामको मोल र ज्याला के काला मोहर थान् ३४ मीन्हा दीनु भन्या ६० साल ज्येष्ठ १४ गते रोज ४ का सनद [illegible] गलफंडी हतकडी बनाउँदा गयाको कालामोहर [illegible]

नेल जोर ३ गलफंडी जोर १ हतकडी [illegible] बनाउनलाई षरिद भयाको फलाम पान [illegible] को मोल गयाको डर थान १० ले - [illegible]

सो नेल गलफंडी हतकडी बनार्उन्थे फलाम [illegible] गोलमोल समेत गयाको थान् [illegible]

| | |
|---|---|
| बाकी नगदी कालमोहर थान् | [illegible] |
| जीन्सी थान् | [illegible] |
| नेल जोर | [illegible] |
| गलफंडी जोर | [illegible] |
| हतकडी जोर | [illegible] |

दापील ल्हासा वकील अडा जीम्मा [illegible] वहादुर पत्री छेत्री बमोजीम् नीज अडाका [illegible]

| | |
|---|---|
| मीतीका स्याहा कालामोहर थान् | [illegible] |
| वैसाष सुदि १५ रोजमा | [illegible] |
| ज्येष्ठ सुदि १५ रोजमा | [illegible] |
| आषाढ सुदी १५ रोजमा | [illegible] |
| श्रावण सुदि १४।१५ रोजमा | [illegible] |
| भाद्र सुदि १५ रोजमा | [illegible] |
| आसीण सुदि १५ रोजमा | [illegible] |
| कार्तिक सुदि १५ रोजमा | [illegible] |
| मार्ग सुदि १५ रोजमा | [illegible] |
| पौष सुदि १५ रोजमा | [illegible] |
| माघ सुदि १५ रोजमा | [illegible] |
| फागुण सुदि १४।१५ रोजमा २५ | |
| चैत्र सुदि १४।१५ रोजमा | [illegible] |

**बाकी**

| | |
|---|---|
| नगदी | X |
| जीन्सी फलामे थान् | [illegible] |
| नेल जोर | [illegible] |
| गलफंडी जोर | [illegible] |
| हतकडी जोर | [illegible] |

जीम्मावारी जीम्मा नीज डीट्ठा माहानन्द पाध्या [illegible] १९६० साल वैसाष १ गतेदेषीका ज्मा पर्चमा [illegible] आम्दानी वाधीन गयाको

| | |
|---|---|
| नगदी | X |
| जीन्सी थान् | ९ |
| नेल जोर | ७ |
| गलफंडी जोर | १ |
| हतकडी जोर | १ |
| वाकी | ० |

लेषौनी छयौनी बक्स्यौनी दैदस्तुर केही तीर्नु पर्दैन भन्या ६१ साल मार्ग १० गते बार ४ का २ छापे सनद हुदा

ईती सम्वत् १९६२ साल आश्वीन २५ गते रोज ३ शुम्म्

यो लालमोहरको पछाडिपट्टि "मार्फत मु तुलसिनाराम, मार्फत खरिदार दामोदर जोसि, मार्फत सर्दार वीस्नु गोपाल उपाध्याय" लेखिएको छ । डिट्ठा महानन्द उपाध्याय भट्टराईलाई प्रदान गरिएको अर्को लालमोहर -

## श्रीदुर्गाज्यू

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध डिट्ठावली विराजमान मानोन्नत श्री मन्माहाराजाधिराज श्री श्री श्री माहाराज पृथ्वीवीर विक्रम जङ्गबहादुर साहववहादुर सम्सेर जङ्ग देवानां सदा समरविजयिनाम्

आगे डीट्ठा माहानन्द पाध्याके साल तमाम् हसवल असुली ल्हासा अदालतबाट अैन सवाल सन् बमोजीम् छीनेका झगडाको बमोजीम् बक्स्यौनी डंड जरीवाना ईजाहारको दस्तुर दसौद विसौद जीतार्उरी वीगो अपुल भै आयाको र सावीक् वाला डीट्ठा नरवहादुर चुहारन छेत्रीका सम्वत् १९५८ साल वैसाष वदी १ रोजदेषी माघ बढी ८ रोज ६ तक्का ज्या षर्चबाट जीम्मावारी आयाको समेत नगदी जीन्सीको आम्दानीमा दीनेको स्ही छाप् षर्चमा लीनेको सही छाप वाकीमा तहवील जीम्मा लीनेको सहीछाप पऱ्याका वही बुझ्नेका ८ लम्वरका अैन वमोजीम्को टीपन स्याहा बमोजीम् ईस्वत् सम्वत् १९५८ साल माघ बढी ९ रोजदेषी चैत्रसुदि १५ रोजतक् मैन्हा ३।२२ को अमानत तहसील तहविल कामकाज गरेको तहरिर मुषीया धनपती जैसी कच्चा बाहेक तपषील बमोजीम्का ज्या खर्च गरी बाकी नगदी दाम् दाम् जीन्सी थान गंती समेत बुझीलीञ्जयू फारषती गरीवक्स्यौं

### तपसील

**आम्दानी**

| | |
|---|---|
| नगदी ज्या रु. | १४१६।।। |
| सावीक् | X |
| हालको कालामोहर थान् | १४१६।।। |
| बक्स्यौनी | ९१ |
| डंड | २३८।।। |
| जरीवाना | १४ |
| ईजहारको दस्तुर | १६ |
| दसौद | ६३२ |
| वीसौद | २९९ |
| जीतार्उरि | ३७।। |
| वीगो | ८८ |
| जीन्सी | ४ |

सावीक्वाला डीट्ा नरवहादुर चुहानक्षेत्रीका सम्वत् १९५८ साल् वैसाष वदी १ रोजदेषी माघ बढी ८ रोजतक मेमले मास समेत मैन्हा १०।७ का ज्या षर्चबाट जीम्मावारी आयाको

| | |
|---|---|
| नेल जोर | ४ |
| हालको | |
| षर्च | ० |

**बाकी**

| | |
|---|---|
| नगदी कालामोहर थान | १४१६।।। |
| जीन्सी नेला जोर | ४ |

दाषील ल्हासा वाईके अडा जीम्मा कपतान् जीतवहादुर षत्रीछेत्री बमोजीम् वीज का ५८ सालका स्याहा

| | |
|---|---|
| कालामोहर थान | १४१६।।। |
| माघ सुदि १५ रोज २ मा | २९३।।। |
| फागुण सुदि १५ रोज २ मा | ४९५ ।।। |
| चैत्र सुदि १४।१५ रोज ३ मा | ६२७।।। |
| वाकी | |
| नगदी | ० |
| जीन्सी नेल जोर | ४ |

जीम्मावारी जीम्मा नीज डिट्ठा माहानन्द पाध्या वापत् सम्वत् १९५९ साल् वैशाष वदी १ रोजदेवीका ज्या षर्चमा जीम्मावारी आम्दानी वाधिन गयाको

| | |
|---|---|
| नगदी | X |

| | |
|---|---|
| जीन्सी | ४ |
| जीन्सी फलामे नेल जोर | X |
| दफे थप् आम्दानी स्याहा जाचदा नीस्केको | |
| वारीस्को सलामी मोहर | १ |
| दरदाम्बाट आयाको कालामोहर थान | ॥। |
| दाषील ठाउँठाउँका रसीद कीत्ता २ के | |

वंसतपुर भोट तहवील् जीम्मा ना:सुव्वा भक्तवहादुर राजभण्डारी वमोजीम् वीज अडाका ६० साल ज्येष्ठ १ गते रोज ५ का रसीद कीत्ता १ के कालामो ॥। थापाथली नगदी तहवील जीम्मा सुव्वा त्रैलोक्येश्वर लाल बमोजीम् नीज अडाका ६० साल वैसाष २२ गते रोज २ का रसीद कीत्ता १ के मो रु.१

बाकी ०

फारष

ईती सम्वत् १९६२ साल आर्सी २५ गते रोज ३ शुभम्

यो लालमोहरको पछाडिपट्टि "मार्फत मु तुलसी नारान, जाचीबुझी सर्दार रुद्रमान, जाचीबुझी झिकी मुषिया दामोदर जोसि, मार्फत सर्दार वीस्नु गोपाल उपाध्याय, मार्फत षरिदार दामोदर जोसि" लेखिएको छ ।

डिट्ठा महानन्द उपाध्यायसँग सम्बन्धित भएकाले राहदानी विषयक पत्र पनि प्रासंगिक ठहऱ्याई यहाँ प्रस्तुत गरिएको छ ।

श्री

श्रीकासि

स्वस्तिश्रीभद्राजकुमार कुमारात्मज श्रीकम्पांडर ईन-चीफ जनरल देवसम्सेर जङ्ग राणा वाहादुरकस्ये पत्रम् ....

आगे चीसापानि गडीका कपतान् टेकवहादुर वस्न्यान् छेत्री के यथोचित उप्रान्त पुर्व रुमजाटार बस्ने वीचारी माहानन्द उपाध्या समेत तपसिल्का मानीस जना ३ तिर्थसम्म जानलाई तेसतर्फका वाटा गरी आयाको छन् तसर्थ नीजहरुको वर्ष वर्ण जाची चिठीपत्र षेला गरी सरासर जान देउ रोक तोक नगर

**तपसील**

| आसामि | जवान | वर्ष | वर्ण |
|---|---|---|---|
| नीज विचारी माहानंद उपाध्या | १ | ३२ | गहुगोरो |
| नीजको मान्छे पुर्नानन्द पाध्य | १ | २४ | ऐ |
| भरीया | १ | | |

ईति सम्वत् १९५६ साल मीती मार्ग बढी ८ रोज १ शुभम्

यस पत्रको थालनीमा "श्रीदेवसम्सेर जङ्ग राणावहादुर" भनने छाप लागेको छ भने चिठीको शिरोभागको एक छेउमा "सही जना तिनलाई जाचि चिठीपत्र षेला गरी जान देउ" भनने लेखिएको छ । यस पत्रबाट त्यसबेला भारत जान अनुमति लिनुपर्थ्यो भनेन कुराको पुष्टि हुन्छ ।

डिट्ठा महानन्द भट्टराईलाई वि.सं. १९६१ सालको वालीका लागि भएको पञ्जनीमा पनि ल्हासा अदालतमा नै थमौती भरिएको पत्र

श्री

?

श्री कम्पांडर ईनचीफ्बाट

उंप्रान्त ल्हासा अदालतका डिट्ठा महानन्द भट्टराई के ६१ सालका वालीलाई पजनिमा तिमीलाई तेस ल्हासा अदालतमै थमौति गरिवक्सेको छ आफ्ना नाउँमा भयाका सवाल्सनद र अैन बमोजीम् निमक्सॅक्रि काम काज गर्ने काम गर ईति सम्वत् १९६० साल पौष गते १८ रोज ६

यस पत्रको थालनीको "श्री" मा र समाप्तिको "रोज छ" पछि छाप लागेको छ ।

टिप्पणी : माथि उल्लेख्य गरिएका दुई लालमोहर र दुई पत्रका सक्कलप्रति प्रतिलिपि गर्न मलाई दिनु भएकोमा स्व. डिट्ठा महानन्द भट्टराईका नाति सगरमाथा अञ्चल, खोटाङ जिल्ला अन्तर्गत राणा लामीडाँडा निवासी श्रीरामप्रसाद भट्टराईप्रति आभार प्रकट गर्दछु - प्रस्तुतकर्ता ।

सचिव, राष्ट्रियसभा









श्री कासि

मदाजक माकृमपात्मजश्री कम्यांडर ईनचीफ जनरल...

स्वपत्रम्

आगेर्चप्रावानि गडीका कपतान ... बहादुर पश्चात ... यथाचित्त उप्रान्त प्रव ...

... माहानद उपाध्या स्मेत ... मानीस जना ३ ... तिर्यमम जानलाई ...

सर्तफ कावाटा गरीआया काछन ... जाचो । चेठी पत्र ...

... सरजानदेई रोक ताक नगर

तपसील

| असामि | जवान् | वर्ष | वर्ग |
|---|---|---|---|
| नीजांवचारी माहानद उपाध्या | १ | २२ | मुहगोरो |
| नीजका भान्ज पुर्नानन्द पाध्या। | १ | २८ | [illegible] |
| भरीया | १ | | |

ईतिसंम्वत् १८५६ सालमीती मार्गवदी ८ रोज १ शुभम्



श्री

स्वस्ति श्री शाके १६६० श्री सम्वत ९७ ... श्री लछिमन व
त्ले लिषितं तिलकेश्वर नामाडा डोवे च्या मोहोर लो
ष्या मैले भाइ चोर्चि आथाको मोहोर काफीला मित्र को
पीरी आ सिकोट कोवि... दिंवा सब दाम पाया [illegible] कुसली
तैगाहि र धनंद पाध्या वाइ दिया

# रामधुनि र वनखण्डीबाबा

डा. सोमप्रसाद खतिवडा

## नामकरण

पूर्वी नेपालको सुनसरी जिल्लामा पर्ने रामधुनिको धुनि स्थानीय जनविश्वासअनुसार त्रेतायुगका रामायणका पात्र रामले जगाएको हो । यसै जनविश्वासमा यस स्थानलाई रामधुनि भनिन्छ । विगतमा यस स्थानलाई धुनि र धुनि रहेको वनलाई धुनिवन भन्ने गरिन्थ्यो । तर प्रारम्भमा रामायणको पात्र रामले नै जगाएको मान्दै यसलाई रामधुनि भनने लागियो । यसै विश्वासअनुसार सप्तकोशीको छेउछाउमा ऋषिमुनिहरूका प्रशस्तै आश्रमहरू थिए । कोशीकिनारमा विश्वामित्र र कोकाखोलाको शिर शिद्धाश्रममा पनि अन्य ऋषिहरूका आश्रम रहेको जनविश्वास छ । स्थानीय लोकोक्तिअनुसार सिद्धाश्रममा तपस्या गरी बस्ने ऋषिमुनिहरूलाई दानवहरूले दुःख दिएकाले तिनीहरूले दानवको प्रकोपबाट छुटकारा पाउन विश्वामित्रसँग सहयोग मागेका थिए । विश्वामित्रले पनि तिनीहरूको सहयोगार्थ अयोध्याका राजकुमार रामसँग सहयोग मागकोले राम र लक्ष्मण यस स्थानमा आर्य दानवहरूको विनास र ऋषिमुनिहरूको रक्षा गरेको मान्यता राखिन्छ । त्यहाँबाट फिर्ने क्रममा नै रामले उक्त जङ्गलमा एक रात धुनि जगाएर बसेका र उनले जगाएको धुनिनै हालसम्म पनि निरन्तर रुपमा जलिरहेको जनविश्वास छ ।

रामधुनिको धुनिमन्दिरमा साजको ठूलो मूढा सल्काएर राखिएको छ । यस स्थानको पूजा गरिने मुख्य विषयवस्तु पनि यही धुनि नै हो । यहाँको मूढा जलेर बनेको खरानीलाई प्रसादको रुपमा निधारमा लगाउने चलन छ । नेपालमा भन्दा पनि उत्तर भारततिर ख्यातिप्राप्त रहेको रामधुनिलाई भारतीयहरूचाहिं धुनिसाहब भन्ने गर्दछन् ।[1] भारतको विहार र बङ्गालतिरबाट वराहक्षेत्र आवतजावत गर्ने बाटामा पर्ने हुँदा भारतीय तीर्थयात्रीहरूसमेत रामधुनिदेखि परिचित भएका हुन् ।

## अवस्थिति

रामधुनि सुनसरी जिल्लाको सिङ्गिया गा.वि.स. वडा नं. २ मा पर्दछ । रामधुनि सुनसरी जिल्लाको पूर्वपश्चिम राजमार्गमा पर्ने झुम्काबजारदेखि करिव सात कि.मी. पश्चिममा अवस्थित छ । सुनसरीको ईनरुवा र चतरादेखि पनि रामधुनिको दुरी त्यतिनै रहेको देखिन्छ । सुनसरी खोलाको पूर्वी भागमा अवस्थित रामधुनिको छेउछाउमा कोशीटप्पू वन्यजन्तु आरक्ष, प्रकाशपुर, राजावास, मधुवन र चतराजस्ता प्रख्यात स्थानहरू रहेका छन् । वराहक्षेत्र र पिण्डेश्वरमहादेवस्थान पनि रामधुनिको नजिकनजिकमा पर्ने अन्य तीर्थहरू हुन् ।

## स्थापना

रामधुनि स्थापना गर्ने श्रेय वनखण्डीबाबालाई दिइएको छ । उनले यहाँ वि.सं १७६० सालमा योगसाधनाका लागि धुनि

---

१. सुतिक्ष्णमुनिजी उदासिन, "धूनिसाहब", कल्याण तीर्थाङ्क पाँचौ सं. (२०५६), पृ. १८५ ।

जगाएको विवरण पाइन्छ ।[२] तसर्थ रामधुनिको स्थापना अयोध्याका राजकुमार रामले गराएको मान्ने स्थानीय जनविश्वास तथ्यहीन देखिन्छ । यता उदासीन सम्प्रदायमा वनखण्डीनामका थुप्रै सन्यासीहरू रहेका देखिन्छन् । तसर्थ वनखण्डी कुनै सन्यासीको नाम नभएर एउटा मतको परम्परा हो । वनखण्डीकै नामले पूजिने शिवालयहरू पनि नेपालका विराटनगर र काठमाडौं उपत्यका तथा भारतका विभिन्न स्थानहरूमा पनि पाइएका छन् । तसर्थ धुनिवानको रामधुनि कुन वनखण्डीले स्थापना गराएका हुन् भन्ने कुरामा विवाद सिर्जना हुनसक्तछ । तर पनि यसको स्थापना गर्ने श्रेयचाहिं नेपाली वनखण्डीलाई दिने गरिएको पाइन्छ । यिनी वि.सं. १७०३ देखि १८५८ को बीचका मानिने हुँदा[३] वि.सं.१७६० तिर यिनले रामधुनिको स्थापना गरेको विवरण सान्दर्भिक देखिन्छ ।

रामधुनिको स्थापना मोरङझाडीमा गर्नुको पछाडि विविध कारणहरू रहेका हुन सक्तछन् । तिनीहरूमध्ये प्रमुख कारण मध्यकालताका मोरङक्षेत्र जोगीसन्यासीहरूको पकडमा रहनु पनि एक हो । त्यस वखत यस भेगमा घुमीहिंड्ने मात्र नभएर नित्य रुपमा बस्ने जोगीहरूको संख्या पनि अत्यधिक थियो । त्यसै वेला औलियामठमा औलियाबाबा तथा धरान पिण्डेश्वर मा बाघम्वर र चिताम्वरनामक सिद्ध तथा चमत्कारी बाबाहरू रहेको विवरण पाइन्छ । यी दुई स्थानका बीचमा पर्ने मोर ङझाडीमा भने वनखण्डीबाबाले धुनि जगाएर योगसाधन गरेको हुन सक्तछ ।

मध्यकालको उत्तरार्धतिर चतराक्षेत्रमा त जोगीसन्यासीहरूले स्वतन्त्ररुपमा शासन गर्ने गरेको तथा नेपाल एकीकरणपछि पनि उक्त क्षेत्र केन्द्रको अधिन स्वीकार्य गराई जोगीहरूलाई नै शासन गर्न छाडिएको विवरण पाइएको छ ।[४] त्यस्तै ब्रिटिसइन्डिया कालमा भारतका हरिद्वारदेखि नेपालको मोर ङप्रदेश हुँदै बङ्गालसम्म लुटीहिँड्ने जोगीहरूको जत्था[५] यस स्थानमा जमेर बस्तै र उनीहरूलाई दिइने हण्डी खाने गरेको देखिने हुँदा यस भेगमा सालैभरि जोगीहरूको चहलपहल भईरहन्थ्यो । तसर्थ पनि वनखण्डीबाबाले उक्त स्थानलाई योगसाधनाका लागि छनौट गर्नु उपयुक्त थियो । जोगीसन्यासीहरूलाई भोजन गराउनुलाई हिन्दूहरूले पुण्यकर्म मान्ने हुँदा तत्काल चतरामठ र पिण्डेश्वरका नाममा उनीहरूलाई खुवाउनकै लागि समेत प्रशस्त गुठी राखिएको देखिन्छ । मध्यकालताका गुठीबाट प्राप्त हुने हण्डी खाएर नित्य रुपमा बस्ने जोगीहरूको संख्या चतरा, धरान र रामधुनिमा अत्यधिक हुनेगर्दथ्यो । त्यसबेला यी स्थानहरूमा मेलापर्व पनि हर्षबढाईका साथ धुमधामसँग मनाइने गरिन्थ्यो ।

मध्यकालमा विहार र बङ्गालबाट वराहक्षेत्र आवतजावत गर्ने मुख्य बाटो मोरङझाडीबाट नै भएको थियो । यस भेगबाट काठमाडौं उपत्यकातिर समेत जान सकिने हुनाले वनखण्डीबाबाले यसै स्थानलाई धुनि जगाएर योगसाधना गर्ने उपयुक्त स्थानका रुपमा छनौट गरेका थिए ।

सामान्यतया जोगीसन्यासीहरूको मृत्यु भएपछि तिनीहरूको शव उनीहरूकै आश्रम छेउछाउमा समाधिस्त गरी त्यसमाथि शिवलिङ्ग राख्ने तथा शिवालय स्थापना गर्ने चलन छ । तर रामधुनिका वनखण्डीबाबाको समाधिमन्दिर रहेको नपाइने हुँदा उनको मृत्युचाहिं त्यस स्थानमा नभएको हुनसक्ने देखिन्छ । सम्भवतः उनको मृत्यु विराटनगर भेगमा भएकाले यहाँ उनको समाधिमन्दिरका रुपमा वनखण्डीबाबाको स्थापना गरिएको हुन सक्तछ ।

## क्षेत्रफल

सुनसरी धुनिवन करिव एक हजार विगाहाको क्षेत्रफलमा फैलिएको छ । यसको वीचमा नै रामधुनिमन्दिर क्षेत्र भने करिव एक विगाहाजति जमिनमा मात्र अवस्थित छ । उक्त स्थानको मन्दिरक्षेत्रलाई सुरक्षापर्खालले घेरिएको छ, जुन स्थानीय गा.वि.स. र जि.वि.स.को संयुक्त लगानीमा निर्माण गरिएको हो ।

## पूजा एवम् पुजारीप्रथा

रामधुनिमा पूजा हुने मुख्य वस्तु यहाँ निरन्तर रुपमा जलिरहने धुनि हो । उक्त धुनिमा पुजारीले लोककल्याणका लागि विहान

२. सुतिक्ष्णमुनिजी उदासिन, "धूनिसाहव", कल्याण तीर्थाङ्क पाँचौ सं. (२०५६), पृ. १८५ ।
३. स्वामी प्रपन्नाचार्य, "नेपालमा उदासीन सम्प्रदायको प्रवेश र परमसिद्ध वनखण्डीबाबा", मर्यादा वर्ष ३, अङ्क ४, २०५५, पृ. १९ ।
४. जनकलाल शर्मा, "वराहक्षेत्र र केही अन्य स्थल", प्राचीन नेपाल संख्या ४, (श्रावण २०२५), पृ. ३० ।
५. वावुराम आचार्य, श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी दोस्रो सं., (काठमाडौं श्री ५ महाराजाधिराजको संवाद सचीवालय, राजदरवार, २०६१, पृ. ४२० ।

र वेलुका नित्य रुपमा पूजाआजा गर्ने गर्दछन् । यहाँ सन्यासी नै महन्त र पुजारीसमेत रहेका छन् । सामान्यतया गोला या धुनि सन्यासीहरूसँग सम्बन्धित मानिने हुँदा र यहाँ धुनिमा नै पूजा हुने परम्परा रहेकाले सन्तहरूले नै रामधुनिको पुजारीको काम गरेका हुन् । रामधुनिमा गन्ध, पुष्प, अक्षता, जल र नैवेद्यबाट पञ्चोपचार पद्धतिले नित्य पूजाआजा हुने गर्दछ । हरेक औंसी र पूर्णिमा, कार्तिक, माघ, जेष्ठ र फाल्गुणपूर्णिमा, श्रीपञ्चमी, चैत्राष्टमी, शिवरात्रि, कृष्णाष्टमी, विवाहपञ्चमी र रामनवमीमा चाहिं यहाँ विशेषपूजा हुने पर्वहरू हुन् । यहाँको भव्य रुपमा विशेषपूजा हुने र मेला लाग्ने अवशरचाहिं रामनवमी हो ।

रामधुनिको पूजाखर्च गुठीसंस्थानले व्यहोर्ने गरेको छ । गुठीसंस्थानको मिति २०५३।११।२ को निर्णयअनुसार यस स्थानका लागि पूजाखर्च वृद्धि गरी वार्षिक रु. ९,६६०।- निम्नानुसारले छुट्याउने गरिएको छ ।[६]

| | |
|---|---|
| नित्यपूजा वार्षिक | रु. १८००।- |
| अखण्डवत्ति वार्षिक | रु. ६४००।- |
| पर्वपूजा वार्षिक | रु. १३८०।- |
| **जम्मा** | **रु. ९६६०।-** |

रामधुनिका महन्त एक, पुजारी एक र अर्दली चार समेतका कर्मचारीलाई मासिक रू. ८००।-, ५००।- र ४००।- का दरले वार्षिक खान्कि खर्च रू. ३४, ८००।- समेत गुठीसंस्थानले निकासा दिने गरेको छ । रामधुनिका लागि दिइने जोगीसन्यासीहरूलाई खुवाउने हण्डीको संख्या प्रतिहण्डी रू. ९।- का दरले ३५०५।- हुन आउँछ । यसका साथै गाईको खाना, दान र औषधि तथा मन्दिरमा बत्तिको व्यस्थाका लागि समेत गुठीसंस्थानबाट निश्चित रकम निकासा दिने चलन छ ।

रामधुनिमा पुजारी र महन्त दुवै प्रकारका कर्मचारीहरू रहने व्यवस्था छ । यहाँका महन्त र पुजारी दुवै पद स्थानीय चौधरीहरूले लिएको छन् । रामधुनिमन्दिरको रेखदेख र अन्य व्यवस्था महन्त गर्दछन् भेन पुजारीले चाहिं पूजाआजा गर्दछन् । वि.सं. २००७ सालभन्दा अगाडि रामधुनिमा पञ्जावी महन्तहरू रहेको वताइन्छ । तर देशमा प्रजातन्त्र आएपछि भने गुठीको जमिन श्री ५ को सरकारले लिएको र रामधुनिको आम्दानी कम भएकोले यहाँका पञ्जावी महन्तहरू अन्यत्रतिर गए । त्यसपछि भने यहाँ स्थानीय चौधरी जातको सन्यासीहरूले महन्तको पद सम्हालेको पाइन्छ । रामधुनिमा पञ्जावी महन्तहरूले छाडेको गुरुनानकसम्बन्धी पञ्जावी भाषाको एउटा पुस्तक अहिले पनि दरवामन्दिरमा पूजाआजा गरेर राखिएको छ ।

रामधुनिमा नित्य रुपमा साजको मूढा जलिरहेको हुने गर्दछ । यसका लागि आवश्यक पर्ने मुढाहरू कन्नाघरमा संग्रह गरेर राखिएको छन् । किंवदन्तीहरूमा वनखण्डीवावाका समयमा सिंह तथा हात्तीले धुनिका लागि मूढाहरू ल्याउँथे भन्ने गरिन्छ ।[७] त्यस्तै यहाँ बालिएका मुढा आफै धुनितिर सरेर बल्दथे भन्ने पनि जनविश्वास छ ।[८]

रामधुनिमा एउटै साजको मुढा निरन्तर रुपमा धुवाउँदै जलिरहेको हुन्छ । सुकेको साजको मूढा एकपटक बल्न लागेपछि पूरै वलिनसकि ननिभ्ने हुँदा त्यसको आगो ननिभ्ने गरेको हो । जल्दैगरेको मूढा जलेर सकिनलाग्दा पुन त्यहाँ अर्को मूढा सल्काएर राखिन्छ । यदि यहाँको धुनिको आगो निभेमा धरान पिण्डेश्वरको अखण्डबत्तिको आगो ल्याएर अखण्डवत्ति बाल्नुपर्ने भएकाले यी दुवै स्थानका बीचमा अन्तर्सम्बन्ध रहेको प्रष्ट हुने गर्दछ ।

## मेलापर्व

रामधुनिमा मेलापर्व लाग्ने कैयौं अवशरहरू छन् । तिनीहरूमा प्रत्येक औंसी र पूर्णिमा, वडादसैं, तिहार, श्रीपञ्चमी, चैत्राष्टमी, शिवरात्रि, कृष्णाष्टमी, रामनवमी र विवाहपञ्चमी पर्दछन् । रामधुनिमा रामनवमी बाहेकका अन्य अवशरहरूमा मन्दिरमा विशेषपूजाको व्यवस्था गरिए पनि स्थानीय मानिसहरू मात्र आएर पूजाआजा गर्ने गर्दछन् भने टाढाटाढाका तीर्थयात्रीहरू चाहिं यस्ता मेलापर्वहरूमा यहाँ आउने गरेको पाइदैन । विशेष गरी कार्तिकपूर्णिमाका अवशरमा चाहिं भारतबाट वराहक्षेत्रको तीर्थयात्रा गर्न आउने यात्रीहरूसमेत रामधुनिसम्म पनि पुगेर पूजाआजा गर्ने गर्दछन् ।

६. गुठीसंस्थानबाट प्राप्त विवरणअनुसार ।

७. उदासीन, पूर्ववत नं. १, पृ. १८५ ।

८. लक्ष्मी आचार्य, देशको माटो देशको ढुङ्गा भाग-२, (धरान: धरान नगरपञ्चायत, २०३०), पृ. २०१ ।

रामधुनिमा ठूलो मेला लाग्ने एउटा मात्र अवशर रामनवमी हो। उक्त दिन रामको जन्म भएको मानिने हुँदा रामसँग सम्बन्धित यस तीर्थमा टाढाटाढादेखिका तीर्थयात्रीहरू जम्मा हुने गर्दछन्। रामधुनिमा चैत्रकृष्णअष्टमीदेखि नै रामनवमीमेला सुरु भएर चैत्रकृष्णदसमीसम्म जम्मा तीन दिन लाग्ने गर्दछ। धार्मिक कृत्यहरू गर्न, संस्कारहरू सम्पन्न गर्न, मनोरञ्जन गर्न र आफन्तहरूसँग भेटघाट गर्न समेत मानिसहरू रामधुनिको रामनवमीमेलामा भेला हुने गदछन्। ती दिनहरूमा यहाँ दिउँसो मेला भर्ने र रातको समयमा रामगाथासम्बन्धी भजनकिर्तन गर्ने चलन छ। यस बाहेकका दिनहरूमा चाहिं रामधुनि प्राय सुनसान नै रहने गर्दछ।

## पुरातात्विक अवशेषहरु

रामधुनिमा ज्यादा पुराना पुरातात्विक अवशेषहरू पाइएका छैनन्। यहाँका प्रमुख पुरातात्विक वस्तुहरूमा धुनिमन्दिर, कन्नाघर, दरवारमन्दिर, महन्तनिवास, चन्द्रमन्दिर, धर्मशाला, गौशाला र ईनार पर्दछन्। यिनीहरू सवै वि.सं. १७६० यतामात्र बनेको मानिन्छन्। तर पनि ऐतिहासिक एवम् सांस्कृतिक दृष्टिले यिनीहरू ज्यादै महत्वपूर्ण छन्।

रामधुनिको केन्द्रविन्दु यहाँको धुनिघर हो। धुनिघर सामान्य शिखरशैलीमा निर्मित छ। यसको वरन्डा भने ढलाई गरेर निर्माण गरिएको देखिन्छ। यसलाई अन्तिमपटक वि.सं. २०४५ सालमा जीर्णोद्धार र पुननिर्माण गर्दा यस्तो स्वरुप दिइएको हो। यसका शिखरबाहेक अन्य भागहरूचाहिं प्राचीन शिखरशैलीसँग मिल्दाजुल्दा देखिदैनन्। धुनिमन्दिरभित्र एउटा वेदिका माथि निरन्तर रुपमा धुनि वाल्ने गरिन्छ। यस मन्दिरको गर्भगृहको बारिपट्टिको वरन्डालाई प्रदक्षिणापथका रुपमा प्रयोग गर्ने चलन छ।

रामधुनिमा धुनिमन्दिरको पश्चिमतिर दरवारमन्दिर पर्दछ। लङ्गौटमन्दिर समेत भनिने[९] यो मन्दिर धुनिमन्दिरतिर नै फर्किएको छ। अति सामान्य र सानो दुई तलाको यस मन्दिरको गर्भगृहमा चन्द्र, सिंह र दुर्गाका अर्वाचीन र साना मूर्ति तथा शिवलिङ्गहरू राखिएका छन्। यसको माथ्लो तलामा चाहिं फलामको एउटा चिम्टा राखिएको छ। वनखण्डीबाबाको मानिने उक्त चिम्टालाई मनचिन्तेचिम्टा पनि भनिन्छ।[१०] वनखण्डीबाबाले यसै चिम्टाका सहायताले मनमा सोचेका कुरा पुऱ्याउँथे भन्ने मान्यतामा यसलाई यस्तो नाम दिइएको हो। धुनिवानको यो मन्दिर कहिले स्थापना गरिएको हो भन्ने कुरा स्पष्ट हुनसकेको छैन।

रामधुनिको कन्नाघर र महन्तनिवास हालसालैमात्र पुनर्निर्माण गरिएका हुन्। विगतमा झै तिनीहरू हाल पनि काठले बनेका छन्। कला एवम् पुरातत्वका दृष्टिले तिनीहरू त्यति महत्वपूर्ण देखिदैनन्। रामधुनिका गौशाला र धर्मशाला भने कालक्रमले गर्दा जीर्ण भई भत्किएका छन्। यिनीहरू पनि राणाकालको प्रारम्भतिर निर्माण गरिएका मानिन्छन्। यता चन्द्रमन्दिर भने राणाप्रधानमन्त्रि चन्द्रशम्शेरले निर्माण गराएको मानिन्छ।

पुरातात्विक दृष्टिले रामधुनिको एउटा पुरानो इनार निकै महत्वपूर्ण मानिन्छ। धुनिमन्दिरको दक्षिणपश्चिममा अवस्थित उक्त इनार निकै पुरानो पनि प्रतित हुने गर्दछ। जमिनबाट करिव पाँच फिट उठाएर निर्माण गरिएको यस इनारको व्यास तीन मिटर छ भने यसको वरिपरि १५० फिट परिधिको आँगन पनि निर्माण गरिएको देखिन्छ। पक्की इँटाबाट निर्मित यो इनार यस भेगको सवैभन्दा ठूलो र पुरानो मानिन्छ। सम्भवत यो इनार शाहकालको प्रारम्भतिर बनेको हुन सक्तछ।

धुनिमन्दिरको उत्तरतिर एउटा सानो पोखरी छ। प्राय कमल फूलिरहने यो पोखरी वनखण्डीबाबाले कमण्डलु राख्ता बनेको मानिन्छ। उचित रुपमा मरम्मत सम्भार नगरिएको यो पोखरी निकै फोहर देखिन्छ र सालिन्दा पुरिँदै पनि गईरहेको छ।

## बनखण्डीबाबा

नेपाल र भारतमा वनखण्डीबाबासम्बन्धी निश्चित परम्परा रहेका पाइने हुनाले विगतमा थुप्रैजना वखखण्डीबाबाको अस्तित्व रहेको पाइन्छ। तिनीहरूमध्ये रामधुनि स्थापना गर्ने वनखण्डी नेपालीबाबा थिए भन्ने विवरण माथि नै दिइएको छ। पाँचथरको पैयुँवासमा सुवेदी थरका ब्राह्मणकूलमा जन्मिएका नेपाली

---

९. लङ्गौटको अर्थ स्थानीय भाषामा लँगौटी भन्ने हुन्छ। यो मन्दिर निकै सानो भएको यसलाई यस्तो नाम दिइएको हो। सामेप्रसाद खतिवडा, वराहक्षेत्रका पवित्र परम्पराहरु (अ.प्र. विद्यावारिधि शोधप्रबन्ध), (काठमाडौं, त्रि.वि. मानविकी डीनको कार्यालय, २०६०), पृ. २३६।

१०. लङ्गौटको अर्थ स्थानीय भाषामा लँगौटी भन्ने हुन्छ। यो मन्दिर निकै सानो भएको यसलाई यस्तो नाम दिइएको हो। सामेप्रसाद खतिवडा, वराहक्षेत्रका पवित्र परम्पराहरु (अ.प्र. विद्यावारिधि शोधप्रबन्ध), (काठमाडौं, त्रि.वि. मानविकी डीनको कार्यालय, २०६०), पृ. २३६।

वनखण्डीबाबाले ढाकाका गुरु संस्था साहबाट उदासीन मतको दिक्षा लिएको उल्लेख पाइन्छ ।[११] पछि यिनले मोरङभाडीमा योगसाधनाका लागि धुनि जगाएर रामधुनि स्थापना गरेका थिए।

नेपालमा वनखण्डीबाबालाई सिद्धबाबाका रुपमा लिने गरिन्छ। उनी सिद्ध भएकाले नै टाढाटाढादेखिका जोगीसन्यासीहरू यिनको दर्शन गर्न यहाँ आउने गरेको उल्लेख पाइन्छ। एक विवरण अनुसार उनका समयमा भारतको अमृतसरतिरबाट प्रियतमबाबानामक एकजना सन्यासी अनेक प्रकारका कष्टहरू व्यहोर्दै रामधुनि आएर यी बाबाको दर्शन गरेका थिए। उनलाई वनखण्डीबाबाले आफ्नो धुनिको खरानी डल्लो पारेर उपहार स्वरुप दिएको उल्लेख पाइन्छ। उदासीन अखडाहरूमा गोलासाहव नामले ससम्मान पुजिने वस्तु यिनै वनखण्डीबाबाले प्रियतमबाबालाई दिएको खरानीको डल्लो मानिन्छ।[१२] तसर्थ वनखण्डीबाबाका कारण रामधुनिको ख्याति भारतको ठूलो क्षेत्रसम्म पनि फैलिएको देखिन्छ।

रामधुनिमा धुनि जगाएर बसेका वनखण्डीबाबा जीवनको अन्त्यतिर कता गए या उनको मृत्यु कहाँ भयो भन्ने कुरा हालसम्म स्पष्ट हुन सकेको छैन। उनको रामधुनिमानै मृत्यु भएको भए उनका नाममा यहाँ समाधिमन्दिर बनाइएको हुनुपर्ने हो। तर रामधुनिमा कुनै पनि प्रकारका समाधिमन्दिर हरू रहेका छैनन्। यता विराटनगरमा चाहिं वनखण्डीबाबाका नामले प्रख्यात एउटा शिवालय रहेको छ। तसर्थ आँप खान औधि नै रुचाउने वनखण्डीबाबा जीवनको अन्तिम समयतिर वर्तमानको विराटनगरस्थित एउटा आँपवगैचामा कुटी बनाएर बस्न लागेका र उनको मृत्यु त्यहीं भएको उनका नाममा त्यस स्थानमा वनखण्डीशिवालय स्थापना गरिएको हुन सक्तछ।

## शारांस

सुनसरीको सिंगियास्थित मोरङभाडीमा रहेको रामधुनि नेपालका वनखण्डीबाबाले स्थापना गराएको मानिन्छ। यहाँ उनले वि.सं. १७६० तिर योगसाधनाका लागि धुनि जगाएका थिए, जुन स्थान पछि गएर रामधुनिका नामले प्रख्यात हुनपुग्यो। उदासीन मतको अखडाका रुपमा वि.सं. २००७ सालसम्म पनि रामधुनिमा सन्यासीहरूको निकै भीडभाड हुने गर्दथ्यो। तर पछि यहाँ दिइने हण्डी कटौती गरिएकाले खानपिनको अभावमा यहाँको जोगीसन्यासीहरू अन्यत्र सर्न पुगे। यसबाट रामधुनिको चहलपहल कम हुँदैगयो।

उत्तर भारतको ठूलो क्षेत्रमा ख्याति कमाउन सफल रामधुनि सुनसरीको वराहक्षेत्र, चतरामठ र पिण्डेश्वरको नजिकमा पर्दछ। यसको परम्परागत सम्बन्ध भने पिण्डेश्वरबाबासँग जोडिएको छ। यता विराटनगरस्थित वनखण्डी महादेवलाई पनि रामधुनिका वनखण्डीबाबासँग सम्बन्धित गराउने परम्परा छ। देवप्रतिमाहरूको अभाव रहेको उक्त स्थान धुनि र यहाँका पुराना परम्पराहरूका कारणले नै प्रख्यात हुन पुगेको छ। विगतमा यहाँ तीर्थयात्रिहरूको निकै भीडभाड हुने गरेकोमा विस्तारै यस स्थानमा तीर्थयात्रा गर्न आउने मानिसहरूको संख्या पनि कम हुँदै गएको छ।

११. प्रपन्नाचार्य, पूर्ववत नं. ३, पृ. १७।
१२. प्रपन्नाचार्य, पूर्ववत नं. ३, पृ. १६।
१३. प्रपन्नाचार्य, पूर्ववत नं. ३, पृ. १७।
१४. आचार्य, पूर्ववत नं. ८, पृ. २०१।

## सन्दर्भ ग्रन्थसूची


आचार्य, बाबुराम, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, दोश्रो सं., काठमाडौं: राजदरवार, २०६१

आचार्य, लक्ष्मी, देशको माटो देशको ढुङ्गा भाग-२, धरान: धरान नगरपञ्चायत, २०३०

उदासीन, सुतीक्ष्णमुनि, "धूनीसाहव", कल्याण तीर्थाङ्क, पाँचौ सं., गोरखपुर: गीताप्रेस, २०५६, पृ. १८५।

खतिवडा, सोमप्रसाद, वराहक्षेत्रका पवित्र परम्पराहरू, (अ.प्र. विद्यावारिधि शोधप्रवन्ध), काठमाडौं, त्रि.वि. मानविकी डीनको कार्यालय, २०६०।

शर्मा, जनकलाल, "वराहक्षेत्र र केही अन्य स्थल", प्राचीन नेपाल संखया ४, काठमाडौं: पुरातत्व विभाग, श्रावण २०२५, पृ. २७-३६।

स्वामी, प्रपन्नाचार्य, "नेपालमा उदासीन सम्प्रदायको प्रवेश र परमसिद्ध वनखण्डीबाबा" मर्यादा वर्ष-३, अङ्क-४, धरान: पिण्डेश्वर क्याम्पस, २०५४-५५, पृ. १५-२१।

ह्यामिल्टन, एफ.वी., एन् एकाउन्ट अफ् द किंगडोम अफ् नेपाल, न्यू दिल्ली: एसियन एजुकेसन सेन्टर १९९७

# श्री ५ पृथ्वीनारायण शाहदेखि श्री ५ गीर्वाणयुद्ध विक्रम शाहका पालासम्मका भारदारी सभा (मन्त्रीपरिषद्) हरु

- चन्द्रप्रसाद त्रिपाठी

श्री ५ पृथ्वीनारायण शाह, वि.सं. १७९९ चैत्र २४ मा नर भूपाल शाहको स्वर्गारोहण (पंत: २०४१ पृ. २४३) पश्चात गोरखाको राजगद्दीमा बसे। राजा हुने वित्तिकै उनले नेपालको एकीकरण अभियानलाई अघि बढाउन आवश्यक पर्ने हात हतियार जुटाउने उद्देश्यले वनारसको भ्रमण गरे । वि.सं. १८०० को चैत्रको अन्त्यतिर उनी काशी/बनारसबाट फर्की सकेको बुझिन्छ। हातहतियार जुटाएपछि भारदार एवं सैनिक संगठन तिर ध्यान दिन थाले । पृथ्वीनारायण शाहले गद्दी आरोहण गर्ने वित्तिकै आफ्ना माहिला भाई महोद्धाम कीर्ति शाहलाई चौतरिया पदमा नियुक्त गरिसकेका थिए तापनि केही बर्ष पहिले काजी भीमराज पांडेको मृत्यु भएदेखि नै गोरखाको काजी पद खाली नै थियो । सैनिक संगठनमा सुदृढीकरण गर्नु पर्ने भएकोले अत्यन्त योग्य व्यक्ति छान्ने काजी पदमा नियुक्त गर्नु पर्ने अवस्था थियो । बनारस जाँदा सँगै गएका विराज वखेतीलाई काजी पद दिने विचार पृथ्वीनारायण शाहले बनाई सकेका थिए (आचार्य: २०२४ पृ. २१६) । तर जनता र छिमेकी राजाहरू समेतको राय सल्लाह लिएर योग्य व्यक्तिलाई काजी पद लिने गोरखाली परम्परा अनुसार आफ्ना भाइ भारदार र जनतासँग सुझाव र बाइसे चौविसे मित्रहरूको सल्लाह लिंदा कालु पाँडेले आफ्नो योग्यता प्रदर्शन गरि सकेकाले (आचार्य: २०२४, पृष्ठ २१६) आफ्नो ईच्छा विराज वखेती प्रति हुँदाहुँदै पनि उनले कालु पाँडेलाई नै काजी पदमा नियुक्त गरे (आचार्य: २०२४ पृष्ठ २१९) । कालु पाँडेको नियुक्तिको मिति निश्चित छैन । पृथ्वीनारायण शाह वि.सं. १८०० को चैत्रमा काशीवाट फर्केर गोरखा आइपुगेका थिए। काशीबाट फर्कैपछि यो काम तुरुन्तै भएको थियो । संभवत: वि.सं. १८०१ को श्रावणमा नुवाकोट अभियानमा गोरखाली फौज खिन्चेत गएका र आश्विन १४ गते नुवाकोट विजय गरेका थिए । नुवाकोटको महत्वपूर्ण जितको साथै अन्य कतिपय युद्धहरूमा सफलता प्राप्त गरेपछि वि.सं. १८१४ जेष्ठ १९ गते कीर्तिपुरको पहिलो पटकको युद्धमानै कालु पाँडेले वीर गति प्राप्त गरे (भण्डारी: पूर्णिमा, अंक ५०, पृष्ठ ७)। कीर्तिपुरको यस युद्धमा गोर्खाले कालु पाँडे लगायत धेरै होनहार सैनिकहरू गुमाउनु पऱ्यो। यसको दुई वर्षसम्म कुनै लडाई हुन सकेन। कालु पाँडेले वीरगति प्राप्त गरेपछि दलमर्दन शाह चौतरिया पदमा थप गरिए भने दलजित शाह र शूरप्रताप शाहलाई काजी बनाइयो ।

दलमर्दन शाह चौतरिया र दलजित एवं शूरप्रताप शाह काजी पदमा नियुक्त भएको मिति निश्चित छैन । मकवानपुरमा आक्रमण गर्नु अघि काभ्रे र पलाञ्चोकमा अधिकार गर्दा यिनीहरूले उपर्युक्त पदमा नियुक्ति पाइसकेको देखिएको छ। वि.सं. १८१६ असार-माघमा यी इलाकाहरू पृथ्वी नारायण शाहले अधिकार गरेका थिए। (भण्डारी: पूर्णिमा ११, पृष्ठ ३२)। यसर्थ वि.सं. १८१६ को शुरुतिर यिनीहरूको नियुक्ति भएको देखिन्छ ।

वि.सं. १८१९ मा पृथ्वीनारायण शाहले मकवानपुरमा आक्रमण गर्ने योजना बनाए । यस कामको लागि सैनिक सुदृढीकरण

अझ आवश्यक थियो। यसैले प्रचलित "मरवट प्रथा" अनुसार पालन पोषण र शिक्षा दिइएका काजी कालु पाँडेका छोरा वंशराज पाँडेलाई वि.सं. १८१९ सालमा काजी पदमा नियुक्ति दिए (आचार्य: २०२५, पृष्ठ ४०२)। वंशराजले आफ्ना स्वर्गीय पिता कालु पाँडेको विंडो पाएता पनि, शुरुमा मुख्य काजीको हैसियत पाएको जस्तो बुझिदैन। क्रमशः उनको प्रभाव वृद्धि भइरहेको थियो। विभिन्न लडाईमा सफलता पाए पनि वि.सं. १८२८ मा वेनीमा पर्वतका राजा कीर्तिवम मल्लले यिनलाई वन्दी तुल्याए। शत्रुको नजरवन्दीमा परेता पनि पृथ्वीनारायण शाहले उनलाई काजी पदबाट हटाएका थिएनन्। वि.सं. १८३१ माघमा पृथ्वीनारायण शाहको स्वर्गारोहण भै प्रतापसिंह शाहको राज्यारोहण हुँदा वंशराज वेनीमा वन्दी नै थिए।

श्री ५ प्रतापसिंह शाहको राज्यारोहणको साथ नेपालको भाइभारदार एवं काजी मण्डलमा पनि प्रभावकारी परिवर्तन देखा पर्दछ। राजा प्रतापसिंह शाह र उनकी रखौटी (पाटने काजी कालीदासकी छोरी) स्वरुपसिंह कार्की र ब्रजनाथ पौडेलको पूर्ण प्रभावमा पर्दछन् र यिनीहरूकै सल्लाहबाट सवै कुरा हुन थाल्दछ। ब्रजनाथ र स्वरुपसिंहको नियतसँग पृथ्वीनारायण शाह सशंकित थिए (आचार्य: २०२५, पृष्ठ ६३२)। तर प्रतापसिंहले यिनिहरूलाई विश्वास गरेर यिनीहरूकै सल्लाहले चौतरिया महोद्धाम कीर्ति शाह देश निकाला गरिए। दलजित शाह र बहादुर शाह कैद गरिए र केही समयपछि वेतिया पठाइयो। राज्य संचालनमा ब्रजनाथ र स्वरुपसिंहको मुख्य हात रहेतापनि वावुराम आचार्यले उल्लेख गरे झैं मुख्य मन्त्री वा मुख्तियार पदमा ब्रजनाथ नियुक्त भएका थिए भन्ने आधार भेटिदैन (भण्डारी: पूर्णिमा ५१, पृष्ठ २) स्वरुपसिंहलाई भने पृथ्वीनारायण शाहको स्वर्गारोहणको ७ महिनापछि तथा वि.सं. १८३२ भाद्र २ गतेको एउटा पत्रमा (पंत: पूर्णिमा-१९, पृष्ठ २७/२८) र वि.सं. १८३३ को लालमोहरमा (पुरातत्व पत्र संग्रह: २०१८, दोस्रो भाग, संख्या ५७, पाण्डे २०३४: पृष्ठ ५६ रेग्मी-१९७५, पृष्ठ २७२) काजी भनिएको छ। यसर्थ प्रतापसिंह शाहको राज्यारोहण पछि वज्रनाथ राजगुरु कै रुपमा रहेको र स्वरुपसिंह चाहि काजी भएको देखिन्छ।

वि.सं. १८३३ को शुरुतिर वंशराज पांडे वेनीबाट छुटेर आए। त्यसै साल भाद्र बदि रोज ६ मा स्वरुपसिंह र वंशराज समेतलाई मुलुकी देवानमा नियुक्ति गरियो (इतिहास प्रकाश, भाग १, पृष्ठ ९२, रेग्मी १९७५, पृष्ठ २७२)। डिल्लीरमण रेग्मीले यस समयको मन्त्रीमण्डलमा स्वरुपसिंह कार्की मूलकाजी, ब्रजनाथ पौडेल, काजी, वंशराज पाँडे काजी, शक्तिवल्लभ अर्याल काजी पदमा थिए। (रेग्मी: १९७५, पृष्ठ १७३) भन्ने उल्लेख गरेतापनि इतिहास प्रकाशको सोप्रमाणबाट ब्रजनाथ राजगुरुमा, स्वरुपसिंह कार्की र वंशराज पाँडे मुलुकी देवान पदमा रहेको पाइन्छ। शक्ति वल्लभको पद के थियो निश्चित छैन। प्रतापसिंह शाह वि.सं. १८३४ मंसिर ६ गते परलोक हुँदा (पंत: पूर्णिमा १९, पृष्ठ ३७)। सम्म उपर्युक्त मन्त्रिमण्डल कायम रह्यो।

प्रतापसिंह शाहको स्वर्गारोहणपछि बालक रणबहादुर शाह गद्दीमा बसे। वेतियामा रहेको बहादुर शाहलाई रणबहादुर शाहको नामबाट प्रतापसिंह शाहको मृत्युको खबर पत्र वि.सं १८३४ मंसिर ९ मा पठाइयो। यो खवर पाएपछि दलमर्दन शाह र वहादुर शाह वेतियाबाट काठमाडौं तर्फ हिंडे। दलमर्दनलाई पर्सामा छाडेर बहादुर शाह भीमफेदी आइपुगे। उनलाई त्यही रोक्न काठमाडौंबाट दिनदिनै पत्रहरू पठाइए। महारानी शोकाकुल अवस्थामा थिइन्। तापनि बहादुर शाहलाई झिकाउन चाहन्थिन्। यस समयमा स्वरुपसिंह कार्की पूर्व किराँत प्रदेशतिर दौडाहामा गएका थिए। दरवारमा ब्रजनाथ पौडेल र परशुराम थापाको वोलवाला थियो। वज्रनाथ पौडेल महारानीलाई सती पठाएर वहादुर शाहलाई विदेश मै रोकी साढे दुई वर्षका रणबहादुर शाहलाई गद्दीमा राखी मनोमानी गर्ने प्रयासमा थिए भने वज्रनाथको नियत बुझेकी राजेन्द्रलक्ष्मी सती नगई वहादुर शाहलाई समेत झिकाउने प्रयासमा रहेकी थिइन् तथा दरवार वहादुर शाहलाई काठमाडौं ल्याउने विचार भएकोले बीचमा खटपट भएतापनि उनी काठमाडौं भित्रिए। तर उनी काठमाडौं आइपुगेको मिति एकीन छैन। संभवतः १८३४ मंसीरको अन्त्यतिर होला। राजेन्द्रलक्ष्मी बालक राजा रणबहादुर शाहको मुख्तियार भइन्। बहादुर शाहले उनलाई सहयोग दिन थाले। यही समयमा वज्रनाथ पौडेल जातिच्यूत गरी देश निकाला गरिए र परशुराम थापा कैद गरिए। राजधानीका यी घटनाहरू थाहा पाएर स्वरुपसिंह कार्की किराँत प्रदेशको दौडाहाबाटै मुग्लानतिर भागे। महोद्धामकीर्ति शाह र दलमर्दन शाहलाई बेतिया र काशीवास जाने आज्ञा पठाइयो। नयाँ भारदारी गठन गरियो। यस भारदारी मण्डलमा दलजित शाह चौतरिया, वलभद्र शाह (महोद्धामकीर्तिका माहिला

छोरा), सर्वजित राना, वंशराज पाँडे र श्रीहर्ष पन्थ काजी पदमा नियुक्त भए । प्रतापसिंह शाहको स्वर्गारोहणको ठीक १ महिनापछि १७ डिसेम्वर १७७७ मा रणबहादुर शाहको राज्याभिषेक भएको थयो (आचार्य: २०२२ (क): पृष्ठ ७७) । संभवत: यसै दिन उक्त भारदारी मण्डलको पनि नियुक्त भएको थियो ।

सात आठ महिना जति महारानी राजेन्द्रलक्ष्मी र कुमार बहादुर शाह वीच मेलमिलापको वातावरणमा राजकाज चल्यो । राजेन्द्रलक्ष्मी र वहादुर शाह दुवै कडा व्यक्तित्व र क्षमता भएका व्यक्ति थिए । दुवै एकमत हुन सकेनन्, फूट पैदा भयो । दलजित शाहको सहयोग लिई बहादुर शाहले वि.सं. १८३५ भाद्र १९ गते राजेन्द्रलक्ष्मीलाई गंभीर आरोप लगाई कैद गरे (आचार्य: २०२२(क), पृ. ७७/७९ र पंत: पूर्णिमा २० पृ. ३१०) । वि.सं १८३५ भाद्र सुदि ११ रोज ४ मा काजी सर्वजित राना काटिए । यसरी सम्पूर्ण शक्ति हातमा लिएपछि बहादुर शाह चौविसी राज्य जित्नतिर लागे । लमजुङ्ग, पर्वत, तनहुँका लडाइमा स्वयं बहादुर शाह पनि गोरखातिर गएको बेला काशीबाट महोद्धामकीर्ति शाहलाई बोलाइयो । काजी वलभद्र शाह आफ्नो पिताको आगमनको विरोध होइन समर्थन गर्न पुगे । राजेन्द्रलक्ष्मीलाई कारावासमुक्त गरियो। वि.सं. १८३६ आषाढ १० मा बहादुर शाह र दलजित शाह विदेशतिर भागे । श्रीहर्ष पन्थ डामिएर देश निकाला भएकाले तनहुँमा गई रहन थाले । काजी वंशराजपाँडे र सर्दार शिवनारायण खत्री, बहादुर शाह हिडेपछि पश्चिमतिरबाटै राजीनामा पठाएर मुग्लान तिर लागे (आचार्य, २०२२(क) पृष्ठ ८०) र यसप्रकार बहादुर शाह र उनका समर्थकहरूको पलायन पछि वि.सं. १८३६ आषाढमा महारानी राजेन्द्रलक्ष्मीले नयाँ मन्त्रीमण्डल गठन गरिन् । यस मन्त्रीमण्डलमा पनि वलभद्र शाह मुख्य काजीको रुपमा कायम रहे (भण्डारी, पूर्णिमा ५१, पृष्ठ ७) दामोदर पाँडे, देवदत्त थापा र वन्धु रानाहरू काजी पदमा नियुक्त भए ।

काठमाडौं दरवारमा देखापरेको यस प्रकारको गृह कलह र योग्य भाइभारदारको पलायनको अवसरबाट शत्रु राज्य पर्वतले फाइदा लिन खोज्नु स्वभाविकै थियो । पर्वतका राजा कीर्तिवम मल्लले लमजुङ्ग, कास्की, तनहुँ आदि राज्यहरूसँग मिलि संयुक्त मोर्चा बनाएर गोर्खाली उपर आक्रमण गर्ने वृहत योजना वनाएर हातहतियार लिन भारततिर मानिस पठाएको समाचार राजेन्द्रलक्ष्मीले थाहा पाएर बहादुर शाहलाई कीर्तिवम मल्लका मानिसले अंग्रेजको सहयोग र हातहतियार किन्न समेत नपाउने व्यवस्था गर्नपत्र लेखिन् (पंत: पूर्णिमा २१, पृष्ठ ५०-५१) वंशराज पाण्डेलाई मुग्लानबाट चौविसीको संयुक्त प्रयास बुझ्न वोलाइन् । वंशराज काठमाडौं आएपछि उनले दलमर्दन शाहलाई पनि वोलाउने सल्लाह दिएकाले दलमर्दन शाह पनि झिकाइए र वि.सं. १८३९ कोशुरुमा दलमर्दन शाह चौतरिया र वंशराज पाँडे काजी पदमा पुन: बहाल गरिए । यसै वेलातिर मन्त्रीमण्डलमा अभिमान सिंह वस्नेत, वल्लभ पन्थ र धरणी पन्थ पनि काजी पदमा बढुवा समावेश भएको जानकारी भाषा वंशावलीबाट पाइन्छ (पंत: पूर्णिमा-२०, पृष्ठ ३१२) ।

यस मन्त्री मण्डललाइ लमजुङ्ग, तनहुं र पर्वतसँगको युद्ध जित्ने अभिभारा आइपर्‍यो । वि.सं. १८३९ कार्तिक १८ गते लमजुङ्ग अधिकार गरे । लमजुङ्गका वीरमर्दन शाह र तनहुँका हरकुमारदत्त सेन बाटो नपाइ घुमेर मनाङ्ग भोट हुँदै रामनगर तिर भागे । कीर्तिवम मल्ल पनि युद्ध स्थलबाट ज्यान जोगाई भागे । वंशराज र दलमर्दन शाहलाई वोलाएर उनीहरूको पदमा वहाल गरेको केही महिना पछि राजेन्द्रलक्ष्मीले स्वरुपसिंहलाई पनि झिकाइन् । स्वरुपसिंह कार्की प्रतापसिंह शाहको स्वर्गारोहण पछि मुग्लानतिर भागेका मात्र होइनन्, चौदण्डीका भूतपूर्व राजा कर्ण सेनको विधवा रानी र उनको धर्मपुत्रलाई नेपाल विरुद्ध उठाई चौवीसे राज्य फिर्ता लिने प्रयासमा मद्दत गर्न लागेका थिए (आचार्य: २०२२ क, पृ. ८३-८४) स्वरुपसिंहलाई वोलाई पुन: काजीमा नियुक्ति दिनुपर्ने आवश्यकता किन आइपर्‍यो, प्रष्ट छैन । तर स्वरुपसिंहलाई बहादली गरेर पश्चिमतिरको युद्धमा पठाउनु अफाप झै भएको भावना भाषा वंशावलीमा पाईन्छ । (पंत: पूर्णिमा-२०, पृ. ३२३) । साथै भाषा वंशावलीको उल्लेखको आधारमा स्वरुपसिंह वि.सं १८३९ को अन्त्यतिर काठमाडौं आएका र वि.सं. १८४० को वैशाखमा चौविसेसंगको लडाईमा खटाइएका थिए भन्ने अनुमान (पंत: पूर्णिमा, २०, पृष्ठ ३२३) गरिएको छ ।

काजी वंशराज पाँडे र स्वरुपसिंह कार्की एउटै युद्ध क्षेत्रमा खटिएका र युद्ध व्यवहारमा वंशराजको तुलनामा स्वरुपसिंहको योगदान नगन्य भएकोले वंशराज पाण्डेले स्वरुपसिंहलाई त्यति महत्व नदिनु स्वभाविक थियो । सेनाका अधिकृत र जनताहरूले पनि स्वरुपसिंहलाई भन्दा वंशराज पाण्डेलाई मान्नु उत्तिकै

स्वभाविक थियो । केवल चुक्लीका भरमा हर्ताकर्ता वन्नु पर्ने स्वभाव भएका स्वरुपसिंहलाई वंशराजपाँडेको र सेनाको यस किसिमको व्यवहार मन परेन र महारानी राजेन्द्रलक्ष्मीलाई वंशराजपाँडेको विरुद्धमा भए-नभएको चुक्ली लगाउन थाले । यसै समयतिर भीम खवासलाई काजीमा बढुवा गरी रानीले हजुरिया बनाएको वंशराजपाँडेलाई मन परेन । भीम खवास पनि वंशराजपाँडेसँग रिसाए । तनहूँ र लमजुङ्गका राजाहरूलाई भाग्ने मौका दिएको आरोपमा वंशराज पाँडेले वि.सं. १८४७ पौष १५ मा देश निकाला गरिए (अचार्य २०२२(क) पृष्ठ ७ र पूर्णिमा-२७ पृष्ठ १६८) । अन्य काजीहरूमा कुनै परिवर्तन भएको पाइदैन । वि.सं. १८४१ फागुनमा श्री ५ रणबहादुर शाहको व्रतवन्ध समारोहको लागि वहादुर शाह र वंशराज पाँडे पनि निम्त्याईका हुँदा उनीहरू नेपाल आए । वंशराज पाँडे गोरखामा भएको व्रतवन्ध समारोहमा उपस्थित हुन नसकेको र केही पछि काठमाडौं आइपुगेका थिए भन्ने वावुराम आचार्यको विचार छ । (आचार्य: २०२२ (क) पृष्ठ ९०) । व्रतवन्ध पछि गोरखाबाट सवै काठमाडौ आए । स्वरुपसिंहलाई वंशराज पाँडेको आगमन विझाउन स्वाभाविकै थियो । वंशराजपाँडेलाई कैद गरियो र स्वरुप सिंहले अनेक चुक्ली र पेच हालेकोले वि.सं १८४२ वैशाख १२ गते उनी काटिए (आचार्य:२०२२ ख: पृ. १६९) । शक्तिहीन भएर रहेका वहादुर शाहले यस दुर्घटनालाइ रोक्न सकेनन् । संभवत: यस दुर्घटनापछि वहादुर शाह तीर्थ गर्न भनी वनारस तिर हिंडे (पाँडे २०३४, पृष्ठ ६१) ।

महारानी राजेन्द्रलक्ष्मीलाई रोगले च्याप्दै ल्यायो । वैद्यहरूले धेरै दिन नवाँच्ने विश्वास लिइसकेकोले ९ बर्षका राजाको मुख्तियार भई राज्य संचालन गर्ने काम वहादुर शाहलाई नै सुम्पने कुरा गर्नु दरवारमा महशुस भयो । बहादुर शाहलाई तुरुन्त काठमाडौं ल्याउन पत्र सहित मानिस वि.सं. १८४२ आषाढ ३१ गते पठाइयो । यसको २ दिनपछि वि.सं. १८४२ श्रावण २ गते महारानी राजेन्द्रलक्ष्मीको स्वर्गारोहण भयो । उनको स्वर्गारोहणको केही दिन पछि नै वहादुर शाह काठमाडौं आइपुगेको थियो । वावुराम आचार्यको अनुसार राजेन्द्रलक्ष्मीको ११ औं दिनको सपिण्डीकृया बहादुर शाहबाटै भएको थियो (आचार्य: २०२२(क), पृष्ठ ९३) । जे भए पनि राजेन्द्रलक्ष्मीको मृत्यु पछि वि.सं. १८४२ श्रावणमा बहादुर शाह मुख्तियार भए । बहादर शाहले आफ्नो हातमा शक्ति आउने वित्तिकै वि.सं. १८४२ श्रावण २४ गते काजी स्वरुपसिंहलाई पोखरामै कटाए (आचार्य: २०२२ ख: पृ. १६९) । यसपछि पजनी गर्दा बलभद्र शाहलाई मात्र भारदारीबाट हटाएको कुरा इतिहास शिरोमणि बाबुराम आचार्यले उल्लेख गर्नु भएको छ । तर बहादुर शाहले मुख्तियारी लिनुभन्दा अघिल्लो भारदारीमा रहेको काजी बन्धुराना, धरणी पन्थ र वल्लभ पन्थको पनि यस पछि कतै उल्लेख आउदैन । तसर्थ यिनीहरूलाई पनि हटाएको हुनुपर्दछ । यस प्रकार १८४२ भदौतिर गठित भारदारीमा चौतरिया, दलमर्दन शाह, काजी जीव शाह, देवदत्त थापा, दामोदर पाँडे, अभिमान सिंह बस्नेत, जगजित पाँडे र शिवनारायण खत्री सामेल गरिए । यस भारदारी परिषद् तथा मन्त्रीमण्डलले पश्चिमका धेरै राज्यहरू नेपालमा समाहित गराउनुको साथै तिव्वतसँगको युद्धमा सफलता प्राप्त गऱ्यो ।

यसपछि विभिन्न काममा संलग्न केही नयाँ भारदारहरूको उल्लेख पाइन्छ । पजनी गरेको स्पष्ट उल्लेख भएको सामाग्री भेटिएको छैन तापनि वि.सं. १८४६ माघतिर पजनी गरियो र यस पजनी पछिको भारदारीमा चौतारियामा कृष्ण शाह र बम शाह, काजीमा दामोदर पाँडे, नरु शाह, अभिमान सिंह बस्नेत, कीर्तिमानसिंह बस्नेत, बख्तावरसिंह बस्नेत, देवदत्त थापा, धौकलसिंह बस्नेत र रणजित पाँडे सामेल थिए (इतिहास प्रकाश सन्धिपत्र संग्रह भाग १) । यस काजी परिषदमा दामोदर पाँडे जेठा काजी थिए (वज्राचार्य, २०३७, पृष्ठ २२९) यस भारदारी परिषद्ले पश्चिम महाकाली पारीका राज्यहरू उपर आक्रमण गर्नु मात्र होइन । चीन र तिव्वतको संयुक्त सेनासँग पनि लड्नु पऱ्यो । चीनसँगको युद्धमा ठूलो नोक्सान पनि भयो । युद्धमा बढी खर्च हुनु पनि स्वभाविकै थियो । यसै बीच रणबहादुर शाह वयस्क भए र वि.सं. १८५१ जेष्ठमा बहादुर शाहलाई मुख्तियारबाट हटाई यो भारदारी गठन गरेर श्री ५ रणबहादुर शाह स्वयं शासन चलाउन थाले । नयाँ भारदारीमा चौतरीया पदमा (विदुर शाही, शेरबहादुर शाही, बलभद्र शाह, बम शाह र काजीमा दामोदर पाँडे र कहरसिंह बस्नेतहरू पनि सामेल भएका थिए भन्ने कुरा कान्छी महारानी कान्तवती देवीलाई रोगले सताउन थाल्यो । कान्तवती आफ्नो जीवनकालमै छोरा गीर्वाणलाई गद्दीमा बसेको हेर्न चाहन्थिन् भने भारदारहरू पनि श्री ५ रणबहादुरलाई सत्ताबाट पन्छाएर

डेढवर्षका बालकलाई गद्दीमा स्थापना गरी आफ्नो अनुकुल सत्ता संचालन गर्न चाहन्थे । त्यसैले रणबहादुर शाहलाई राज्यत्याग गरी स्वामी बन्ने र गीर्वाणलाई राज्य सुम्पने सल्लाह दिइयो । कान्तवतीको प्रेममा डुबेका रणबहादुर शाहलाई यो कुरा मान्य भयो र सवै भारदारहरूलार्य गीर्वाणयुद्धपछि वफादार रही काम गर्ने धर्मपत्र गराए । वि.सं. १८५५ फागुन २८ गते गीर्वाणयुद्द विक्रम शाहलाई राजतिलक पहिराइ रणबहादुर शाह स्वामीको रुपमा कान्तवती सहित देवपत्तनमा रहन लागे । गीर्वाणयुद्ध विक्रम शाहको राज्याभिषेकको समयमा मौजुदा भारदारीमा सामान्य परिवर्तन गरियो । चौतारियाहरू सवै कायम भए । काजीहरू मध्ये अभिमानसिंह बस्नेतलाई हटाइयो र कीर्तिमानसिंह बस्नेतलाई थप गरियो । यो कुराको पुष्टि वि.सं. १८५६ आश्विनको गीर्वाणयुद्ध विक्रम शाहको गोरखा कालिकास्थानको अभिलेखले पनि गर्दछ । (आचार्य: २०२२ (क), पृष्ठ १०८) । कान्तवतीलाई रोगले अझ च्याप्न थाल्यो । उपचार एवं पाठपूजा आदिको बाबजूद पनि निको भएन । वि.सं. १८५६ कार्तिक १९ मा उनको मृत्यु भयो । आफ्नो प्राणप्यारी कान्तवतीको मृत्युबाट शोक विह्वल भएका रणबहादुर शाहबाट अनेक आतंकहरू हुन थाले । प्रशासनमा हस्तक्षेप गर्न थाले । यसै वखतमा कीर्तिमानसिंह वस्नेतहरूले फागु मनाउन नुवाकोटमा भारदारहरू जम्मा हुने परमपरा कायम रान गीर्वाणयुद्ध विक्रम शाह सहित नुवाकोटमा जाने कार्यक्रम मिलाई दिए । उनी नुवाकोटमा रहेको बेला रणबहादुर शाहले केही भारदारहरूलाई सजायँ गरे । यसबाट काजी दामोदर पाँडे र कीर्तिमानसिंह बस्नेतहरू क्रुद्ध भए र स्वामी महाराज र महारानी राजराजेश्वरीलाई नजरवन्द गर्ने योजना बनाए (आचार्य: २०२२ (क) पृष्ठ १०८) । यो योजना वलभद्र मार्फत थाहा पाएपछि रिसाएर स्वामीले नुवाकोटमा रहेका भारदारहरूलाई खारेज गरी काठमाडौंमा नयाँ भारदारी गठन गरे । यस भारदारीमा वलभद्र शाह र विदुर शाही काजीमा प्रतिमान राना, रणकेशर पाँडे, केहर सिंह बस्न्यात आदि रहेका थिए । नुवाकोटमा दामोदर पाँडे र कीर्तिमानसिंहहरूले फौज लिई काठमाडौं तिर बढ्दै आएपछि वि.सं. १८५७ मा रणबहादुर शाह काशीतिर हिंडे । यसको ३ दिन पछि महारानी राजराजेश्वरी र बलभद्र शाह पनि काशी हिडे । काठमाडौंमा गठित भारदारीको कुनै अर्थ रहेन ।

यस पछि सुवर्णप्रभा नायव भइन् । रणोद्योत शाह, समशेर शाह, शेरबहादुर शाही चौतरिया कायमै रहे । वि.सं १८५७ जेष्ठ १७ मा कीर्तिमान सिंह बस्नेत मूलकाजी भए (आचार्य: २०२२(क) पृष्ठ ११०) दामोदर पाँडे, त्रिभुवन खवास, नरसिंह गुरुङ्ग, काजी पदमा कायम रहे र बुढा अमरसिंह थापा काजीमा बढुवा गरिए । यसरी एक बर्ष जति कीर्तिमान सिंह बस्नेत मूलकाजी भए (आचार्य: २०२२(ख) पृ. १७२ र आचार्य: २०२२ (क) पृ. १११) । नायव सुवर्णप्रभाका मुख्य सल्लाहकार उनका भाइ सर्दार सुबुद्धि खड्का थिए । सुबुद्धि खड्काले राजढुकुटीमा गोलमाल गरेको कुरा चर्कदै गएपछि सुवर्णप्रभा दरवार छोडेर देवपत्तनमा बस्न गईन् । यसपछि काशीबाट थानकोट आएर बसेकी महारानी राजराजेश्वरी वि.सं. १८५८ पौषमा दरवारमा प्रवेश गरिन् र गीर्वाणयुद्ध विक्रम शाहको प्रतिनिधि भई शासन चलाउन थालिन् । यस वखत भारदारीमा कुनैपनि परिवर्तन भएन । करिव डेढ वर्ष जति काम चलेपछि भारदारहरू वीच मनोमालिन्य बढी कामकाजमा केही बाधा पुग्न थालेको अनुभव गरी राजराजेश्वरीदेवीले वि.सं. १८६० श्रावणमा सुपर्णप्रभा, वख्तावर सिंह बस्नेत, बम शाहहरूलाई कैद गरी शेरबहादुर शाही लगायत केहीलाई पदच्यूत गरिन् । नयाँ भारदारीको गठन गर्दा विदुर शाही चौतरिया भए भने मूलकाजीमा दामोदर पाँडे र अन्य काजीमा रणवीर सिंह बस्नेत, बलवन्त राना, नर सिंह गुरुङ्ग आदि नियुक्त भए (आचार्य: २०२२ क. पृष्ठ ११६) । रणद्योत शाह र समशेर शाह पनि चौतरिया पदमा कायमै रहेको अनुमान हुन्छ । पदच्यूत गरिएका चौतरिया शेरबहादुर शाही काजी त्रिभुवन खवास, अमर सिंह थापा र रणकेशर पाँडेहरूलाई वि.सं. १८६० माघमा पक्राउ गरियो । शेरवहादुर शाही उम्केर भागी काशीवाट काठमाडौंतिर आई रहेका बेला रणबहादुर शाहको समूहमा मिल्न पुगे । वि.सं. १८६० फागुन २७ गते रणबहादुर शाह थानकोटबाट काठमाडौंतिर आउन लाग्दा उनलाई नियन्त्रित अवस्थामा काठमाडौं ल्याउनको लागि गएका दामोदर पाँडे पक्राउ परे र रणबहादुर शाह काठमाडौं लुमडी स्थानमा आएर बसे र राजराजेश्वरीले कैद गरेका सुवर्णप्रभा, बम शाह, बख्तावर सिंह बस्नेत, रणजीत पाँडे अमर सिंह थापा (बुढा), त्रिभुवन खवास, रणकेशर पाँडे आदिलाई कैद मुक्त गराए । दामोदर पाँडे वि.सं १८६० चैत ६ का दिन काटिए । यसपछि रणबहादुर शाह दरवारमा प्रवेश गरे र पजनी गरी नयाँ भारदारी गठन गरे । जुन भारदारीमा

रणद्योत शाह, शेरबहादुर शाही, प्राण शाह र बम शाह चौतरिया पदमा एवं मूलकाजीमा रणजीत पाँडे र काजीहरूमा भीमसेन थापा, बख्तावरसिंह बस्नेत र नरसिंह गुरुङ्गहरू नियुक्त भए (आचार्य: २०२२(क) पृष्ठ ११६) । त्रिभुवन खवास पनि काजी पदमा बहादल भएका थिए। वि.सं. १८६१ माघ ५ मा श्री ५ गीर्वाणयुद्ध विक्रम शाहले विलास कुमारीलाई लेखी दिएको धर्मपत्रमा साक्षीका रुपमा उपरोक्त सबै भारदारहरूको नामोल्लेख पाइएको छ (बज्राचार्य, २०३७, पृ. २९०-९३) । उपर्युक्त व्यक्तिहरू त्यसवेला उपर्युक्त पदहरूमा नियुक्त थिए भन्ने प्रमाणित हुन्छ। यसरी स्वामी रणबहादुर शाह काशीबाट फर्केपछि राजगद्दीमा श्री ५ गीर्वाणयुद्ध विक्रम शाह नै रहे। जेठी महारानी राजराजेश्वरीलाई शक्तिहिन बनाइएको मात्र होइन हेलम्वुमा निर्वासित समेत तुल्याइयो । माहिली महारानी सुवर्णप्रभालाई पनि कुनै अधिकार दिएको पाइदैन। स्वयं स्वामी रणबहादुर शाह पनि औपचारिक रुपमा सत्तामा रहेनन्। उनले दिएका निर्देशन वा सल्लाह मान्नु मन्त्रिमण्डल (भारदारी) को विवेकमा निर्भर थियो। यसै वीच वि.सं. १८६२ फागुनमा रणबहादुर शाहले गीर्वाणयुद्ध विक्रम शाहको मुख्तियारी लिई सत्तामा औपचारिक रुपले पनिहात हाले (आचार्य: २०२२ क, पृ. १२६)। यसको केही दिन पछि काजी त्रिभुवन खवासलाई ढुकुटी मासेको आरोपमा कैद गरियो) वि.सं. १८६३ वैशाख १४ गते राति त्रिभुवन खवास उपर लागेको अरोप वारेमा छलफल गर्न वैठक बस्यो । वैठकमा शेरवहादुर शाहीलाई पनि उपस्थित गराईएको थियो। रणबहादुर शाहले ढुकुटीबाट मासिएको रकमको सम्बन्धमा त्रिभुवन खवास र शेरवहादुर शाही समेतलाई केरकार गर्न थाले । यसै क्रममा क्रोधित भएका शेरवहादुर शाहीले स्वामी रणबहादुर शाह उपर तरवार प्रहार गरे र बालनरसिंह कुँवरले शेरवहादुर शाहीलाई काटे । त्यहीँ चोटले रणबहादुर शाहको मृत्यु भयो । यसको भोलिपल्ट भीमसेन थापाले चौतरिया विदुर शाही, काजी त्रिभुवन खवास, नरसिंह गुरुङ्ग समेत धेरै भारदारलाई कटाए। यसपछि केही समय अघि मात्र स्वामी महाराजले विवाह गरिएकी त्रिपुरापुरीलाई ललितत्रिपुरा सुन्दरीको नामबाट राजमाता तुल्याइयो। भीमसेन थापा सर्वेसर्वा भएर राज्य संचालन गर्न थाले । यस काण्डपछि गठन भएको भारदारीमा चौतरिया पदमा प्राण शाह र रणद्योत शाह, मूल काजीमा भीमसेन थापा र काजीहरूमा रणध्वजथापा, बहादुर भण्डारी र बालनरसिंह कुँवर नियुक्त भएका थिए। यो कुरा वि.सं. १८६३ माघ ८ को गीर्वाणयुद्ध विक्रम शाहको पशुपति भण्डारको अभिलेखमा उपयुक्त सबै व्यक्तिहरू साक्षी रहेको पाइएबाट पनि प्रमाणित हुन्छ (बज्राचार्य, २०३७, पृष्ठ ४३४-३५)। यस प्रकार नेपालको इतिहासमा शक्तिशाली व्यक्तिको रुपमा भीमसेन थापाको उदय भयो ।

माथि प्रस्तुत तथ्यहरूका आधारमा श्री ५ पृथ्वीनाराण शाहदेखि श्री ५ गीर्वाणयुद्ध विक्रम शाहका पालासम्म विभिन्न समयमा वनेको भारदारी परिषद् र ती परिषद्हरूमा मुख्य भई वर्तमान मन्त्री परिषद्का प्रधानमन्त्री सरहको हैसियतमा रही काम गर्ने व्यक्तिहरूको सूची देहाय अनुसार देखिन आउँछ।

| श्री ५ हरू र शासन अवधी | नायव वा मुख्तियार | भारदारी परिषद् | | | प्र.मं. सरहको हैसियतमा रही काम गर्ने व्यक्ति |
|---|---|---|---|---|---|
| | | पद | नाम | अवधी | |
| श्री ५ पृथ्वीनारायण शाह (१७९९-१८३१) | | चौतरिया<br>चौतरिया<br>काजी | महोद्धामकीर्ति शाह<br>दलमर्दन शाह<br>कालु पाँडे | १७९९-१८३१<br>१८१६-१८३१<br>१८०१-१८१४ | कालु पाँडे (१८०१-१८१४)<br>दलजित शाह (१८१६-१८३१) |
| श्री ५ प्रतापसिंह शाह (१८३१-१८३४) | | चौतरिया<br>काजी<br>काजी<br>मुलुकी दिवान | ............<br>स्वरुपसिं कार्की<br>शक्तिवल्लभ अर्जेल<br>वंशराज पाँडे | ............<br>१८३१-१८३४<br>१८३१-१८३४<br>१८३३-१८३४ | स्वरुपसिंह कार्की (१८३१-१८३४)<br>स्वरुपसिंह कार्की |
| श्री ५ रणबहादुर शाह (१८३४-१८५५) | राजेन्द्र लक्ष्मी (१८३४-१८३५) | चौतरिया<br>काजी<br>काजी | दलजित शाह<br>बलभद्र शाह<br>सर्वजित राना | १८३४-१८३५<br>१८३४-१८३५<br>१८३४-१८३५ | स्वरुपसिंह कार्की<br>बलभद्र शाह (१८३४-१८४२) |
| बहादुर शाह (१८३५-१८३६) | | चौतरिया<br>काजी<br>काजी<br>काजी | दलजित शाह<br>बलभद्र शाह<br>बंशराज पाँडे<br>हर्ष पन्थ | यथावत<br>यथावत<br>१८३५-१८३६<br>१८३५-१८३६ | बलभद्र शाह<br>यथावत |

| | | | | | |
|---|---|---|---|---|---|
| राजेन्द्र लक्ष्मी (१८३६-१८४२) | वि.सं. १८३६ मा गठीत | चौतरिया | ............ | ........... | बलभद्र शाह |
| | | काजी | बलभद्र शाह | यथावत कायम | यथावत |
| | | काजी | बन्धु राना | १८३६-१८४२ | |
| | | काजी | देवदत्त थापा | १८३६-१८५१ | |
| | | काजी | दामोदर पाँडे | १८३६-१८४२ | |
| | वि.सं १८३९ मा गठित | चौतरिया | दलमर्दन शाह | १८३९-१८४६ | |
| | | चौतरिया | जीव शाह | १८३९-१८४६ | |
| | | काजी | वलभद्र शाह | यथावत कायम | बलभद्र शाह (यथावत कायम) |
| | | काजी | वंशराज पाँडे | १८३९-१८४० | |
| | | काजी | बन्धु राना | यथावत | |
| | | काजी | देवदत्त थापा | यथावत | |
| | | काजी | दामोदर पाँडे | यथावत | |
| | | काजी | अभिमानसिंह बस्नेत | १८३९-१८५५ | |
| | | काजी | बल्लभ पन्थ | १८३९-१८४२ | |
| | | काजी | धरणी पन्थ | १८३९-१८४२ | |
| | | काजी | स्वरुपसिं कार्की | १८३९-१८४२ | |
| वहादुर शाह (१८४२-१८५१) | वि.सं. १८४२ भाद्रमा गठित | चौतरिया | दलमर्दन शाह | (यथावत) | |
| | | चौतरिया | जीव शाह | (यथावत) | |
| | | काजी | दामोदर पाँडे | (१८४२-१८५७) | दामोदर पाँडे (१८४२-१८५७ जेष्ठ) |
| | | काजी | देवदत्त थापा | यथावत | |
| | | काजी | अभिमानसिं बस्नेत | यथावत | |
| | | काजी | जगजित पाँडे | १८४२-१८४६ | |
| | | काजी | शिवनारायण खत्री | १८३६-१८६० | |
| | वि.सं. १८४६ माघमा गठित | चौतरिया | कृष्ण शाह | १८४६-१८५१ | |
| | | चौतरिया | बम शाह | १८४६-१८६० | |
| | | काजी | दामोदर पाँडे | यथावत | दामोदर पाँडे |
| | | काजी | देवदत्त थापा | यथावत | |
| | | काजी | अभिमानसिंह बस्नेत | यथावत | |
| | | काजी | नरु शाह | १८४६-१८५१ | |
| | | काजी | धौकलसिं बस्नेत | १८४६-१८५१ | |
| | | काजी | कीर्तिमानसिं बस्नेत | १८४६-१८५१ | |
| | | काजी | बख्तवारसिंह बस्नेत | १८४६-१८५१ | |
| | | काजी | रणजित पाँडे | १८४६-१८५१ | |
| श्री ५ रणवहादुर शाहको प्रत्यक्ष शासन (१८५१-१८५५) | वि.सं १८५१ जेठमा गठित | चौतरिया | बम शाह | यथावत | |
| | | चौतरिया | रणद्योत शाह | १८५१-१८६३ भन्दा पछि पनि | |
| | | चौतरिया | समरशेर शाह | १८५१-१८६० | |
| | | चौतरिया | बलभद्र शाह | १८५१-१८५७ | |
| | | चौतरिया | विदूर शाही | १८५१-१८५७ | |
| | | चौतरिया | शेरवहादुर शाही | १८५१-१८६० | |
| | | काजी | दामोदर पाँडे | यथावत | दामोदर पाँडे (यथावत) |
| | | काजी | अभिमानसिं बस्नेत | यथावत | |
| | | काजी | रणजित पाँडे | यथावत | |
| | | काजी | रणवम पाँडे | १८५१-१८५७ | |
| | | काजी | नरसिंह गुरुङ्ग | १८५१-१८६३ | |
| | | काजी | कहरसिं बस्नेत | १८५१-१८५७ | |
| | | काजी | त्रिभुवन खवास | १८५१-१८६० | |

| | | | | | |
|---|---|---|---|---|---|
| श्री ५ गीर्वाणयुद्ध विक्रम शाह (१८५५-१८७२) | राजराजेश्वरी (१८५५-१८५८) | वि.सं. १८५५ फागुनमा अभिमान सिंह बस्नेतलाई हटाएर कीर्तिमानसिं बस्नेत तपिए । अरु सबै यथावत | | | |
| | सुवर्णप्रभा (१८५७-१८५८) | चौतरिया | रणोघोत शाह | यथावत | कीर्तिमानसिं (१८५७ जेठ-१८५८ आश्विन) |
| | | चौतरिया | समशेर शाह | यथावत | |
| | | चौतरिया | बम शाह | यथावत | |
| | | चौतरिया | शेरबहादुर शाही | यथावत | |
| | | काजी | कीर्तिमानसिं बस्नेत | (१८५७-१८५८) | |
| | | वि.स. १८५८ आश्विनमा मूलकाजी कीर्तिमानसिं बस्नेतको हत्या भयो । उनका भाई बख्तावरसिं बस्नेतलाई मूलकाजी बनाइयो अरु भने यथावत कायम गरे । | | | बख्तावरसिंह बस्नेत (१८५८-१८६०) |
| | राजराजेश्वरी (१८५८-१८६०) | वि.सं. १८६० श्रावणमा गठित | | | |
| | | चौतरिया | रणोघोत शाह | यथावत | |
| | | चौतरिया | समरशेर शाह | यथावत | |
| | | चौतरिया | विदूर शाही | (१८६० श्रावण - १८६० चैत) | |
| | | काजी | दामोदर पाँडे | १८६०-१८६० चैत | |
| | | काजी | नरसिंह गुरुङ्ग | यथावत | |
| | | काजी | रणवीर सिं बस्नेत | १८६०- १८६० | |
| | | काजी | बलवन्त राना | ऐ ऐ | |
| | | वि.सं. १८६० चैतमा गठित | | | |
| | | चौतरिया | रणोघोत शाह | यथावत | |
| | | चौतरिया | बम शाह | यथावत | |
| | | चौतरिया | प्राण शाह | (१८६०-१८६३ पछि पनि) | |
| | | काजी | शेरबहादुर शाही | (१८६०-१८६३) | रणजित पाँडे (१८६०-१८६३) |
| | | काजी | बख्तावरसिं बस्नेत | (१८६०-१८६३) | |
| | | काजी | नरसिं गुरुङ्ग | यथावत | |
| | | काजी | त्रिभुवन खवास | (१८६०-१८६३) | |
| | | काजी | भीमसेन थापा | (१८६०-१८६३) | |
| | | काजी | वीरभञ्जन पाँडे | (१८६०-१८६३) | |
| | रणबहादुर शाह (१८६२ फागुन-१८६३ वैशाख ललितत्रिपुरासुन्दरी देवी (१८६३-१८८८) | वि.सं. १८६३ वैशाखमा गठित | | | |
| | | चौतरिया | रणद्योत शाह | १८६३ पछिको भारदारी सभाका वारेमा यहाँ अध्ययन गरिएको छैन | भीमसेन थापा (१८६३-१८९४) |
| | | चौतरिया | प्राण शाह | | |
| | | मूलकाजी | भीमसेन थापा | | |
| | | काजी | रणजित पाँडे | | |
| | | काजी | बहादुर भण्डारी | | |
| | | काजी | बालनरसिं कुँवर | | |
| | | काजी | रणध्वज थापा | | |
| | | काजी | त्रिभुवन खवास | यथावत | |
| | | काजी | नरसिंह गुरुङ्ग | यथावत | |
| | | काजी | अमरसिंह थापा | १८५७-१८६० | |

## सन्दर्भ सामाग्रीहरू


आचार्य, बाबुराम: २०२२ (क): नेपालको संक्षिप्त वृतान्त: प्रमोद शमशेर र नीर विक्रम प्यासी, काठमाडौं

आचार्य, बाबुराम: २०२२ (ख): "गोरखा विजयकालका घटना" पूर्णिमा, अंक २७, संशोधन-मण्डल, काठमाडौं।

आचार्य, बाबुराम: २०२४: श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग २, श्री ५ वडामहाराजाधिराजका प्रेस सचिवालय, राजदरवार, काठमाडौं

आचार्य, बाबुराम: २०२५: श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ३, श्री ५ महाराजधिराजका प्रमुख संवाद सचिवालय, राजदरवार, काठमाडौं ।

आचार्य, बाबुराम २०२६: श्री ५ वडामहाराजाधिराज पृथ्वी नारायण शाहको संक्षिप्त जीवनी भाग ४, श्री ५ महाराजाधिराजका प्रमुख संवाद सचिवालय, राजदरवार, काठमाडौं ।

नेपाली, चित्तरञ्जन २०२०: श्री ५ रणबहादुर शाह, श्रीमती मेरी राजभण्डारी, काठमाडौं

पाँडे, भीमबहादुर २०३४: राष्ट्र भक्तिको झलक, रत्नपुस्तक भण्डार, काठमाडौं ।

पंत, दिनेशराज: २०४१: गोरखाको इतिहास, पहिलो भाग, दिनेशराज पंत, काठमाडौं ।

पंत, दिनेशराज - : "वि.सं. १८३२ देखि १८५८ सम्मको नेपालको इतिहासमा नयाँ प्रकाश पार्ने केही पत्रहरू", पूर्णिमा, अंक १७, संशोधन-मण्डल, काठमाडौं ।

पंत, दिनेशराज - : "अप्रकाशित ६ वटा ऐतिहासिक पत्रहरू", पूर्णिमा अंक २० संशोधन मण्डल, काठमाडौं ।

पंत, दिनेशराज - : "अप्रकाशित १२ वटा ऐतिहासिक पत्रहरू", पूर्णिमा, अंक २१, संशोधन मण्डल, काठमाडौं ।

पंत, दिनेशराज - : "वि.सं. १७५७ देखि १९८६ सम्मको नेपालको इतिहासमा प्रकाश पार्ने ७० वटा अप्रकाशित तत्कालिक सामाग्री", पूर्णिमा, अंक ६५ संशोधन मण्डल, काठमाडौं ।

पंत, दिनेशराज - : पृथ्वीनारायण शाहको उपदेश, संशोधन मण्डल, काठमाडौं ।

२०१८ : पुरातत्व पत्र संग्रह, दोस्रो भाग, संख्या ५७, पुरातत्व र संस्कृति विभाग, काठमाडौं ।

बज्राचार्य, धनवज्र: २०३७: शाहकालका अभिलेख संग्रह, नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि.वि., काठमाडौं ।

भण्डारी, देवीप्रसाद: - : "ऐ. शि. बाबुराम आचार्यले रचना गर्नु भएको नेपालको संक्षिप्त इतिहास", पूर्णिमा, अंक ५०, संशोधन मण्डल, काठमाडौं ।

भण्डारी, देवीप्रसाद - "पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथि मितिहरू, पूर्णिमा अंक ११, संशोधन मण्डल काठमाडौं ।

योगी, नरहरिनाथ २०१२: इतिहास प्रकाश, इतिहास प्रकाश मण्डल, काठमाडौं ।

योगी, नरहरिनाथ - : इतिहास प्रकाशमा सन्धी पत्र संग्रह, काठमाडौं ।

योगी, नरहरिनाथ २०२१: गोरखा वंशावली, धर्मवीर संघीय, वाराणसी ।

रेग्मी, डिल्लीरमण १९७५: मोर्डन नेपाल, फर्मा के. एल. मुखोपाध्याय, कलकत्ता

गतांकको बाकी

जावस सबै पगरि को पुछार दर्जी मान राखी वक्स्या जावस मुकाम ताकलाखार भ भ
ये शुदी ११ रोज १ मा

तेसैवषत श्री मिनिस्टर जनरलका हजुरमा मेजर कपतान हरिमान सिंवस्यात बा
टलेषी चह्राइ पठायाको छोर गुम्वा सम्म जान आउं भनी मजिष्ठा याको हो जेठ
शुदी ८ रोज ५ का दिन बीहान घडी ८ पला ११ विताई गाइटर ले साये न दियाको थियो
दोहाधकाविकटले फोज जमा गरि आड पयेड गरि वस्याको रहेछ केहि को साघु
पनी थियेन वारिपारी गरि २ घडी सम्म वरोवर लडाञी भयो तेसै ठाउमा दु
स्मनका जना ५ मऱ्या छन् घाइत्या भन्याठैरै भयाछन् पारी वारी वाट लगारी
थपाई साघु हाली फौज तारी वरोवर वढी जादा १ कोस वतास्या वडारमा आडप
येडुवा धी फौज वस्याको रहे तेस ठाउमा उस्को गौं पर्न्या रहेछ र ढिकारो काटी भी
रजंगेल वाट मीची हांदा लडाञी भयो उस्का घाइत्या पनी भयाछन् फौजको
कमांडी परसीपीका होन केलामा हाम्रा गोलि लागेछ र आड पयाड छाडी मो
होडा फर्कीयो हद्यागरि धपाञी उस्मनका सिपाही २ थान लागी पर्कीया मऱ्या
का घाइत्या वाकी लुकाउनु लेजान्याद लुर रहेछ मऱ्याको चीन येती घाइत्या येति ये
ती भन्या थाहा भयेन तेसै आड पयाड भयाका ठाउमा रात १ वस्यो शुक्रवार फ
लाक छोरगुम्वा हांनजादा केसिका साघु २ भन्का येछर तयार गरि फौज तार्यो
१ तयार हुन सकेन वछी या ठाउमा फौज थाम्यो जेष्ठ शुदी १० रोज ७ का दिन सा
घुतयार गरि फलाक मा पुग्दा केही वन पस्याछ केही रातारात गरि तामपुग्या
छन् छोरकोगुम्वा लामा पनी मालताल गाउं उठाई ताजाम गयो भनी भ
न्छन् खोजन पठायाका छन् भेट्या ल्याया भन्या सो हि माफिक विंति चह्राइ पठा
उंला वर्षा भाला च्यापसा छुरि वंदुक पनी डेढ सय सम्म लडाञी भयाका
ठाउंमा हात लाग्या वस्तु पाथी वाडी दिञौ थैला वा हट पनी हात लाग्या हतिया
र सावैमाकि ...को छ हाम्रा पछीलाई र जना ३ लाइ थोरै घा लाग्याछ फौज मा हिडं
दैछन् १०।८ दिन मा तयार होला अरु कसैलाई केही भयाको छैन छोरगुंवा

मा पुगी फत्यनामाको वढाई पनी गर्‍यौ यसै थाउमा आड पयाड बाधी फौज थामी
षानालाई होम को अनाज वोकाई १०।८ दिन बसि नाजाम १ दिन को बाटो छ भन्छन्
तेसै थाउमा चेवा चर्चा गरि फौज बुझाउन्या काम गर्‍हैला आफु पनी विचार गरि तल
माथी का जमा भयाको डुस्मन लाई हानेला श्री प्राईम मिनिष्टर साहेब श्री जनर
ल साहेब का मुकाम कैन थाउमा भयाको छ मर्जि बक्साइदो हो भाग्याकोरै तिला
ई बौजी तसह गरि राषैला मुकाम छ्यौर गुम्वा शुभम्

मामुभित्रको

दफे श्री मिनिष्टर जनरलका हजुर मा श्री मेजर कपतान हरिहर सिंब थ्यानवांटले
बीन्चहाई पठायाको छ्यौर हानिवराव र आड पयाड किल्लागरि ताहीं बस्नु बढी भ
न्या आहावाट न आउन्ज्याल नव छनु रसद जमा गरि राषनु तिन पैनी को तोपर
गिराफ गोला पनी पठाइ दियाको छ आइपुग्ला कानुलामा कान्चौरी कारगतकि
कन सदान्क लिआयाका वमोजिम गरि औषधी उपाय गर्न लाउनु फौजले न देष
न्या गरि भक्ष गर्नु पनी इंछ भनी उर्दि दिनु आफुलाई चाहिंन्या सराजाम तयार
गरि वस्नु भनि मर्जि भै आयाका अर्थ जो ग्यहो कानुलामा कागाउघर कान्चौरिको कुरो
पनि उर्दि दिंछौं रसद जमा गरि राषनु भनि मर्जि आयो स्याहे से तिस हजार को रसद
टि गरि पुर्‍याउनु भनि अधीमर्जि [illegible] याको हो तेसै मध्ये फलाक छ्यौर गुम्वा मा जमाग
रैकि तेसै रहो सह आहाज्मा भयापछि वोकन्या मानिस पाईदैन कसो गर्नु जो म
र्जि आड पयाड र छ्यौर गुम्वा मा बनाउछौ मुनागुम्वा सर गन्या नगन्या खबर केही
आयेन यतावाट चिठी पठाईदै छौं तो पलाइ पनी पिपा योजन पठायाको छ दोस
ध देषी बाटो बनाई आहा सम्म ल्याउनु पर्न्या छ ताहावाट मर्जि नवक्सा सम्म ये हिंव
हैला शुभम् जेष्ठ सुदी ११।१।१३ ५१ ना

सुवेदार माहाविर खत्री ले लड्दा डुस्मन को गोली वंदुक का चाफ फर्जिन मा लागी
भार्सिंदा जस्ता को गोली फुटि त्याटि गाला षी उहा समाया लागेया औ मरि नाइ तिको
पनी भनी बटेवर काम गर्दै छन् शुभम्

ऐ सुदि ११ रोज १मा

तसैविच श्री विगेडियर जनरलवाट सुषीमका राजाके लेषीगयाको अघी सुषीम
लेहामी गोर्षा श्री ५ सर्कारका पिछ्या मा छौं भंन्या विंति आहाम लाई र ... ताहा श्री ३
प्राईममिनिष्टर यानदाजैजय्रूकाहजुरमा चिठी लेषी लामास्लेत पठाउंदा तिलामा
हहले पालमा सुगी श्री ३ प्राइममिनिष्टरदाजैजय्रूवाट सुषीमको जगा भोटमा
सागुंन्या दफ्दा भन्याको रहेछ तिगाउमा हाम्रा लस्करले लुटपिट नगर्नु चाहीं
न्या भरियासम्म दवोकन्या जनावर दिन्याछन् तहावाट पनी सुषीम्या राजालाई आ
